# अध्याय पाँच : जिल्लाको आर्थिक तथा रोजगारी स्थिति

## ५.१ जिल्लाको अर्थतन्त्रको संरचनात्मक स्वरुप

जिल्लाको कूल जनसंख्या २८८४७८ मध्ये २१५५७४ (७४.७ प्रतिशत) आर्थिक रुपले सक्रिय अर्थात १० वर्ष वा सो भन्दा माथिका उमेरको जनसंख्या रहेको देखिन्छ । कूल सक्रिय जनसंख्या मध्ये ४९.४ प्रतिशत पुरुष र ५०.६ प्रतिशत महिला रहेका छन् । कुल सक्रिय जनसंख्याको रोजगारी स्थिति हेर्दा ५७.४ प्रतिशत रोजागार रहेका र बाँकी वेरोजगार वा प्राय काम नभएका देखिन्छन् । लैङ्गिक आधारमा रोजगारी हेर्दा सक्रिय पुरुष जनसंख्या मध्ये ६३.६ रोजगार देखिन्छ भने महिलाको हकमा यो ५१.४ प्रतिशत देखिन्छ ।

**तालिका ५.१: आर्थिक रुपले सक्रिय जनसंख्या र रोजगारी**

| क्र.सं. | विवरण | जनसंख्या | १० वर्ष र सो भन्दा माथिका जनसंख्या | रोजगार संख्या | रोजगार (%) |
|---|---|---|---|---|---|
| १. | पुरुष | १४२७३१ | १०६४५५ | ६७७३१ | ६३.६ |
| २. | महिला | १४५७४७ | १०९११९ | ४६१०८ | ५१.४ |
| ३. | जम्मा | २८८४७८ | २१५५७४ | १२३८३९ | ५७.४ |

*श्रोत : राष्ट्रिय जनगणना, २०५८, केन्द्रीय तथ्यांक विभाग ।*

क्षेत्रगत रुपमा हेर्दा कूल रोजगार जनसंख्याको ठूलो हिस्सा (७१.६ प्रतिशत) कृषि तथा वनमा रोजगार रहेको देखिन्छ (तालिका ५.२) ।

**तालिका ५.२ : क्रियाकलाप अनुसारको रोजगारी विवरण**

| क्र.सं. | विवरण | रोजगार | | जम्मा | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | कुल | प्रतिशत |
| १. | कृषि तथा वन | ४४९८९ | ४३७०४ | ८८६९३ | ७१.६ |
| २. | मत्स्य | ५५ | ० | ५५ | ०.० |
| ३. | खानी तथा उत्खनन | २०५ | १३९ | ३४४ | ०.३ |
| ४. | उद्योग | ४१५४ | ५८०७ | ९९६१ | ८.० |
| ५. | विद्युत, ग्याँस र पानी आपूर्ति | १७२० | १५४३ | ३२६३ | २.६ |
| ६. | निर्माण | २४५१ | ४३५ | २८८६ | २.३ |
| ७. | थोक तथा खुद्रा व्यापार | ४३९३ | २५२७ | ६९२० | ५.६ |
| ८. | होटल र रेष्टुरा | ६१५ | ४८७ | ११०२ | ०.९ |
| ९. | यातायात, गोदाम र सञ्चार | १४९२ | ३१ | १५२३ | १.२ |
| १०. | वित्तिय मध्यस्थता | ४५३ | ५० | ५०३ | ०.४ |
| ११. | घर जगा भाडा र व्यवसायीक क्रियाकलाप | १३३ | १६ | १४९ | ०.१ |
| १२. | सार्वजनिक प्रशासन र सामाजिक सुरक्षा | २९०८ | २५७ | ३१६५ | २.६ |
| १४. | शिक्षा | २२४१ | ५८५ | २८२६ | २.३ |
| १५. | स्वास्थ्य र सामाजिक सुरक्षा | ५०८ | २०२ | ७१० | ०.६ |
| १६. | अन्य सामुदायिक सामाजिक र व्यक्तिगत सेवा | ७५२ | ५१ | ८०३ | ०.६ |
| १७. | रोजगार प्रदायक नीजि परिवार | २६६ | १४७ | ४१३ | ०.३ |
| १८. | सिमा विहिन संगठन र निकायहरु | ३४१ | २६ | ३६७ | ०.३ |
| १९. | उल्लेख नभएको | ५८ | १०१ | १५६ | ०.१ |
| | जम्मा | ६७७३१ | ५६१०८ | १२३८३९ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०५८, केन्द्रीय तथ्यांक विभाग ।*

यसवाट जिल्लाको अर्थतन्त्र मुख्य रुपले कृषिले नै निर्धारण गर्ने प्रष्ट हुन आउँछ । कृषि पछिको रोजगारीको दोश्रो क्षेत्र उद्योग देखिन्छ जसमा केवल ८ प्रतिशत मात्र संलग्न रहेको देखिन्छ । त्यसपछि थोक तथा खुद्रा बजार रहेको छ जस्मा ५.६ प्रतिशत रोजगार रहेको देखिन्छ ।

पेशागत रुपमा हेर्दा अधिकांश (६८.९ प्रतिशत) सिपालु र अर्ध सिपालु कृषि तथा मत्स्य कामदार देखिन्छ । त्यसपछि कला र सम्बन्धित व्यापारिक कामदारहरु (९.४ प्रतिशत), प्रारम्भिक पेशाकर्मीहरु (७.६ प्रतिशत) र सेवाकर्मी र बजार तथा पसल कामदार (६.८ प्रतिशत) रहेका छन् (तालिका ५.३)।

**तालिका ५.३ : पेशा अनुसारको रोजगारी विवरण**

| क्र.सं. | विवरण | रोजगार | | जम्मा | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | प्रतिशत |
| | **पेशा** | | | | |
| १. | कानूनविद, उच्च पदस्थ कर्मचारी र व्यवस्थापककहरु | २६७ | ३२ | २९९ | ०.२ |
| २. | उच्च ज्ञानयुक्त पेशाकर्मीहरु | २१५५ | ४८९ | २६४४ | २.१ |
| ३. | प्राविधिक तथा सम्बन्धित पेशाकर्मीहरु | १५५९ | २११ | १७७० | १.४ |
| ४. | क्लर्क वा कार्यालय सहायकहरु | २३९७ | २७८ | २६७५ | २.१ |
| ५. | सेवाकर्मी र बजार तथा पसल कामदार | ५८०९ | २६७५ | ८४८४ | ६.८ |
| ६. | सिपालु र अर्धसिपालु कृषि तथा मत्स्य कामदार | ४३०५८ | ४२२७४ | ८५३३२ | ६८.९ |
| ७. | कला र सम्बन्धित व्यापारिक कामदारहरु | ५७१८ | ५९१७ | ११६३५ | ९.४ |
| ८. | संयन्त्र र मेशिन सञ्चालक र जडानकर्ताहरु | १३०९ | ११० | १४१९ | १.१ |
| ९. | प्रारम्भिक पेशकर्मीहरु | ५४२५ | ४०८५ | ९५१० | ७.६ |
| १०. | उल्लेख नभएको | ३४ | ३७ | ७१ | ०.१ |
| ११. | सवै पेशाको जम्मा | ६७७३१ | ५६१०८ | १२३८३९ | १०० |

*श्रोत: राष्ट्रिय जनगणना, २०५८, केन्द्रीय तथ्यांक विभाग ।*

## ५.२ कृषि तथा सिंचाई क्षेत्र

नेपालको अर्थतन्त्रको मुख्य मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र, नुवाकोट जिल्लाको सन्दर्भमा पनि अधिकांश जनता (७१.६ प्रतिशत) को जीविकोपार्जन आम्दानी, रोजगारीको र खाद्यान्नको श्रोतको रुपमा रही आएको छ । तर जिल्लाको आर्थिक विकासको लागि कृषि क्षेत्रको यति महत्व हुँदा पनि यो क्षेत्रको अपेक्षित रुपमा विविधिकरण एवं व्यवसायिकरण हुन सकेको छैन । विगतमा यसका लागि विभिन्न कार्यक्रम संचालन गरिएता पनि आत्मनिर्वाहमुखि पेशाको अवस्थावाट व्यवसायिकरण तर्फ रुपान्तरण हुन सकेको देखिदैन । जिल्लाको कृषियोग्य भूमि ४५,२४२ हे. रहेको छ जुन कुल क्षेत्रफलको ४०.४ प्रतिशत हुन आउँछ । कुल कृषि योग्य भूमि मध्ये ३५.७ प्रतिशत खेत र ६४.३ प्रतिशत पाखो रहेको छ । कुल खेती गरिएको जग्गा मध्ये १६.५ प्रतिशतमात्र बर्ष भरी सिंचित हुने जग्गा रहेको छ भने १८.५ प्रतिशत मौसमी र बाँकी ६५ प्रतिशत आकाशे भरमा रहेका छन् ।

कुनै पनि क्षेत्रमा कृषि उत्पादन लाई प्रत्यक्ष असर पार्ने तत्वहरु माटोको वनौट, तापक्रम र बर्षा हुन् । यस जिल्लामा माटोको वनोट चिम्ट्याइलो, दोमट, वलौटे र रातो रंगको छ भने माटोको अवस्था पि.एच.मान ४.५ - ६.० भएको र नाइट्रोजन मध्यम, फोस्फोरस उच्च मध्यम, पोटास मध्यम उच्च र प्रांगारिक पदार्थ मध्यम रहेको पाइएको छ । जिल्लामा औषत न्यूनतम र अधिकतम तापक्रम क्रमशः ४.५ डिग्री सेल्यिस र ३७.५ डिग्री सेल्यिस हुने देखिन्छ भने औषत बार्षिक वर्षा १ ५१४ मि.मि. हुने गरेको देखिन्छ ।

## ५.२.१ कृषि उत्पादन तथा खाद्यान्न आत्म निर्भरता

### ५.२.१.१ खाद्यान्न वालीको क्षेत्रफल तथा उत्पादन

यस जिल्लाको प्रमुख खाद्यान्न बाली धान, मकै, कोदो र गहुँ हुन् । यी खाद्यान्न वाली मध्ये उत्पादनको हिसावले धान पहिलो स्थानमा रहेको छ भने मकै दोस्रो स्थानमा, गहुँ तेश्रो स्थानमा र त्यसपछि कोदो रहेको छ ।

**तालिका ५.४ : खाद्यान्न उत्पादन तथा उत्पादकत्व**

क्षेत्रफलः हे., उत्पादनः मे.टन, उत्पादकत्व : के.जी./हे.

| क्र.स. | वर्ष | विवरण | धान | मकै | कोदो | गहुँ | जौ |
|---|---|---|---|---|---|---|---|
| १ | २०५६/५७ | क्षेत्रफल | १७९९२ | १९६०० | ५८६० | ६२२० | ५ |
| | | उत्पादन | ४३९०९ | ३२२०० | ७०३३ | ११७५० | ३ |
| | | उत्पादकत्व | २४४० | १६४३ | १२०० | १८८९ | ६०० |
| २ | २०५७/५८ | क्षेत्रफल | १८७६४ | १९६६० | ५९०० | ६२२० | ५ |
| | | उत्पादन | ४६१६० | ३८२४५ | ६९९० | ११९५१ | २ |
| | | उत्पादकत्व | २४६० | १९४५ | ११८५ | १९२१ | ४०० |
| ३ | २०५८/५९ | क्षेत्रफल | १८९४५ | २०४९० | ५९०० | ६२२५ | ५ |
| | | उत्पादन | ४८३१० | ३५३०० | ६४०० | ११९०० | २ |
| | | उत्पादकत्व | २५५० | १७२३ | १०८५ | १९१२ | ४०० |
| ४ | २०५९/६० | क्षेत्रफल | १६२२३ | २०१७३ | ५९०० | ६२२५ | ४ |
| | | उत्पादन | ५४९९० | ४१३५५ | ६४९० | १२४०५ | २ |
| | | उत्पादकत्व | ३०१६ | २०५० | ११०० | १९९३ | ५०० |
| ५ | २०६०/६१ | क्षेत्रफल | १८२६५ | २०१७३ | ५९०० | ६२२५ | ४ |
| | | उत्पादन | ५४९९० | ४०६९२ | ६४९० | १२५६८ | २ |
| | | उत्पादकत्व | ३०११ | २०१७ | ११०० | २०१९ | ५०० |
| ६ | २०६१/६२ | क्षेत्रफल | १८११० | २०१७३ | ५९०० | ६४६८ | ४ |
| | | उत्पादन | ५४५२९ | ४०६९३ | ६५०० | १६१२० | २ |
| | | उत्पादकत्व | ३०१११ | २०१० | ११०२ | २४९२ | ५०० |

*श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62, कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।*







### (क) धानवाली

**धानवालीको क्षेत्रफल** : जिल्लामा कृषि योग्य जमिनको करीव ४० प्रतिशत भूमीमा धान वाली लगाइएको छ । जिल्लामा धान खेतीले ढाकेको क्षेत्रफल २०५६/५७ मा १७९९२ हेक्टर भएकोमा पछिल्ला वर्षहरुमा वृद्धि हुन गै २०५८/५९ मा १८९४५ हेक्टर पुगेको देखिन्छ । २०५९/६० मा धान वालीको क्षेत्रफल अधिल्लो वर्षको तुलनामा ३.८ प्रतिशतले घट्यो र त्यस पछिका वर्षहरुमा खास परिवर्तन भएको देखिदैन ।

**धान वालीको उत्पादन** : धानवालीको उत्पादन २०५६/५७ मा ४३९०९ मे.टन भएकोमा पछिल्ला वर्षहरुमा वृद्धि भै २०५९/६० मा ५४९९० मे.टन भएको देखिन्छ । तर २०६०/६१ मा कुनै वृद्धि नभएको र २०६१/६२ मा केही घटेको देखिन्छ । २०६१/६२ मा उत्पादन घटनुमा क्षेत्रफल घटनु पनि एक प्रमुख कारण रहेको देखिन्छ ।

**तालिका ५.५ : धानवालीले ढाकेको क्षेत्रफल उत्पादन र उत्पादकत्व**

क्षेत्रफल: हे., उत्पादन: मे.टन, उत्पादकत्व : के.जी./हे.

| वर्ष | ओगटेको क्षेत्रफल | वृद्धि (%) | उत्पादन | वृद्धि (%) | उत्पादकत्व | वृद्धि (%) |
|---|---|---|---|---|---|---|
| २०५६/५७ | १७९९२ | | ४३९०९ | | २४४० | |
| २०५७/५८ | १८७६४ | ४.२ | ४६१६० | ५.१ | २४६० | ०.८ |
| २०५८/५९ | १८९४५ | १.० | ४८३१० | ४.८ | २५५० | ३.६ |
| २०५९/६० | १८२२३ | -३.८ | ५४९९० | १३.८ | ३०१६ | १८.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०६०/६१ | १८२६५ | ०.२ | ५४९४० | ०.० | ३०११ | -०.२ |
| २०६१/६२ | १८११० | - ०.८ | ५४५२९ | -०.८ | ३०११ | ० |

श्रोतः *Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62, कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।*

केही वर्षहरुमा धानको उत्पादन र क्षेत्रफल बिच सकारात्मक सम्बन्ध रहेको देखिन्छ भने २०५९।६० मा विपरित सम्बन्ध रहेको देखिन्छ । यो वर्ष उत्पादन ६ वर्ष कै उच्च रहेको थियो भने क्षेत्रफल ३.८ प्रतिशतले घटेको थियो । यसैले धान वालीको क्षेत्रफल वृद्धि हुँदा उत्पादन पनि वृद्धि हुन्छ भन्ने खासै आधार देखिदैन ।

**धानवालीको उत्पादकत्वः** धानको उत्पादकत्व २०५६/५७ मा २४४० के.जी./ हेक्टर भएकोमा क्रमिक रुपले वृद्धि भई २०५९/६० मा ३०१६ के.जी./हेक्टर पुग्यो । यो ६ वर्षको उच्चतम उत्पादकत्व हो । त्यसपछिका वर्षहरुमा पनि उत्पादकत्व लगभग यस्तै रहेको छ । धानवालीको राष्ट्रिय उत्पादकत्व २७८२ के.जी./हेक्टर रहेको परिप्रेक्ष्यमा नुवाकोट जिल्लाको उत्पादकत्व सन्तोषजनक देखिन्छ ।




## (ख) मकै वाली

**मकै बालीको क्षेत्रफल :** कूल कृषि योग्य भूमिको ४५ प्रतिशत जमिनमा मकै वाली लगाइएको छ । यस जिल्लामा विभिन्न उन्नत जातका साथै स्थानीय जातका मकै वाली लगाउने गरेको पाइन्छ । जिल्लामा मकै खेतीले ढाकेको क्षेत्रफल २०५६/५७ र २०५७/५८ मा १९६०० हेक्टर रहेकोमा २०५८/५९ मा ४.२ प्रतिशतले वृद्धि भई २०४९० हेक्टर पुगेको थियो । तर २०५९/६० मा १.५ प्रतिशतले घटेर २०१७३ हेक्टर रह्यो र त्यसपछिका वर्षहरुमा यही स्थितिमा रहेको देखिन्छ ।

**मकै वालीको उत्पादनः** मकैको उत्पादन २०५७/५८ मा अधिल्लो वर्षको तुलनामा १८.८ प्रतिशतले वृद्धि भएको देखिन्छ । तर त्यस पछिको वर्षमा ७.७ प्रतिशतले घट्यो भने अर्को वर्ष १७.२ प्रतिशतले बढेर ४१३५५ मे.टन पुग्यो । २०६०/६१ मा केही घटेर ४०६९२ मे.टन र २०६१/६२ मा उही स्तरमा रह्यो ।

**तालिका ५.६ : मकै वालीले ढाकेको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

क्षेत्रफलः हे., उत्पादनः मे.टन, उत्पादकत्व : के.जी./हे.

| वर्ष | क्षेत्रफल | वृद्धि (%) | उत्पादन | वृद्धि (%) | उत्पादकत्व के.जी./हेक्टर | वृद्धि (%) |
|---|---|---|---|---|---|---|
| २०५६/५७ | १९६०० | ०.० | ३२२०० | ०.० | १६४३ | ०.० |
| २०५७/५८ | १९६०० | ०.० | ३८२४५ | १८.८ | १९४५ | १८.४ |
| २०५८/५९ | २०४९० | ४.२ | ३५३०० | -७.७ | १७२३ | -११.४५ |
| २०५९/६० | २०१७३ | -१.५ | ४१३५५ | १७.२ | २०५० | १८.९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०६०/६१ | २०१७३ | ०.० | ४०६९२ | -०.१ | २०१७ | -१.६ |
| २०६१/६२ | २०१७३ | ०.० | ४०६९३ | ०.० | २०१७ | ०.० |

*श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।*

**मकै वालीको उत्पादकत्व :** मकैको उत्पादकत्व २०५६/५७ मा १६४३ के.जी./हेक्टर भएकोमा २०५७/५८ मा १८.४ प्रतिशतले वृद्धि भई १९४५ के.जी./हेक्टर पुगेको थियो । तर २०५८/०५९ मा उत्पादकत्व धट्यो भने त्यस पछिको वर्ष वृद्धि भई उच्चतम विन्दु २०५० के.जी./हेक्टर पुग्यो । त्यसपछि २०६०/६१ मा केही घटेर २०१७ के.जी. हेक्टर रहेको छ भने २०६१/६२ मा उही स्तरमा रह्यो । राष्ट्रिय स्तरमा मकै वालीको उत्पादकत्व १९१९ के.जी./हेक्टर संग तुलना गर्दा जिल्लाको उत्पादकत्व राम्रो देखिन्छ । २०५७/५८ मा क्षेत्रफलमा कुनै वृद्धि नहुदा पनि उत्पादनमा ठूलो वृद्धि भएको देखिएको छ । २०५८/५९ मा क्षेत्रफल बढे पनि उत्पादन घटन गएको छ । २०५९/६० मा क्षेत्रफल घटेको तर उत्पादन १७.२ प्रतिशतले बढेको देखिएको छ । धानमा जस्तै मकै वालीमा पनि उत्पादन वृद्धि र क्षेत्रफल वीच सकारात्मक सम्बन्ध रहेको देखिदैन।




## (ग) कोदो वाली

**कोदो वालीको क्षेत्रफल :** जिल्लामा कोदो वालीले कृषि योग्य जमिनको १३ प्रतिशत भू-भाग ओगटेको छ । कोदो वाली स्थानीय जात मै सिमित रहेको छ । जिल्लामा कोदो वालीले ढाकेको क्षेत्रफल २०५७/५८ मा अधिल्लो वर्षको तुलनामा वृद्धि भएको थियो भने यस पछिका वर्षहरुमा २०५७/५८ देखि २०६१/६२ का कोदोले ढाकेको क्षेत्रफल ५९०० हेक्टरमा स्थिर रहेको पाइएको छ ।

**तालिका ५.७ : कोदोले ढाकेको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

क्षेत्रफलः हे., उत्पादनः मे.टन, उत्पादकत्व : के.जी./हे.

| बर्ष | क्षेत्रफल (हे.) | वृद्धि (%) | उत्पादन मे.टन | वृद्धि (%) | उत्पादकत्व के.जी./हे. | वृद्धि (%) |
|---|---|---|---|---|---|---|
| २०५६/५७ | ५८६० | - | ७०३३ | - | १२०० | - |
| २०५७/५८ | ५९०० | ०.७ | ६९९० | ०.६ | ११८५ | -१.३ |
| २०५८/५९ | ५९०० | - | ६४०० | ८.४ | १०८५ | - |
| २०५९/६० | ५९०० | - | ६४९० | १.४ | ११०० | १.४ |
| २०६०/६१ | ५९०० | - | ६४९० | - | ११०० | - |
| २०६१/६२ | ५९०० | - | ६५०० | ०.१ | ११०२ | - |

*श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।*

**कोदो वालीको उत्पादन:** २०५६/५७ मा ७०३३ मे.टन कोदो उत्पादन भएको थियो । २०५७/५८ मा नगण्य प्रतिशतले घटेकोमा २०५८/५९ मा ८.४ प्रतिशतले घटेको देखिन्छ । विगत ६ वर्षको अवधिमा कोदोको उत्पादन कि त घटने कि त स्थिर रहने प्रवृत्ति देखापरेको छ ।

**कोदो वालीको उत्पादकत्व :** कोदोको उत्पादकत्व २०५९/६० केही वृद्धि भएको बाहेक २०५७/५८ मा घटेको र अरु तीन वर्ष ११०० के.जी./हे.मा स्थिर रहेको देखिन्छ ।

### (घ) गहुँ बाली

**गहुँ वालीको क्षेत्रफल:** गहुँ वालीले कूल कृषि योग्य भू-भागको १४ प्रतिशत ओगटेको छ । गहुँ वालीले ढाकेको क्षेत्रफल २०५६/५७ र २०५७/५८ मा ६२२० हे.मा स्थिर रहेको २०५८/५९ मा नगण्य वृद्धि भएको र त्यस पछिका २ बर्षहरुमा पनि स्थिर रहेको देखिन्छ । २०६१/६२ मा ३.९ प्रतिशतले मात्र क्षेत्रफल बृद्धि भएको देखिन्छ ।




**गहुँ वालीको उत्पादन:** गहुँ वालीको उत्पादन विगत ६ वर्षमा एक वर्ष मात्रै नगण्य रुपमा घटेको देखिन्छ भने अन्य वर्षहरुमा फरक फरक दरले बढेको देखिन्छ । सवभन्दा अत्यधिक वृद्धि २०६१/६२ मा भएको देखिन्छ । यो वर्ष अधिल्लो वर्षको दाँजोमा २८.३ प्रतिशतले उत्पादन वृद्धि भई १६१२० मे.टन.पुगेको थियो ।

**गहुँ वालीको उत्पादकत्व:** गहुँको उत्पादकत्व २०५८/५९ मा वाहेक अरु वर्षहरुमा बृद्धि भएको देखिन्छ । २०६१/०६२ मा भने अत्यधिक रुपमा (२३.४ प्रतिशत) बढेको देखिन्छ ।

**तालिका ५.८ : गहुँ वालीले ढाकेको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

क्षेत्रफल: हे., उत्पादन: मे.टन, उत्पादकत्व : के.जी./हे.

| बर्ष | क्षेत्रफल (हे.) | वृद्धि (%) | उत्पादन मे.टन | वृद्धि (%) | उत्पादकत्व के.जी./हेक्टर | वृद्धि (%) |
|---|---|---|---|---|---|---|
| २०५६/५७ | ६२२० | - | ११७५० | - | १८८९ | - |
| २०५७/५८ | ६२२० | - | ११९५१ | १.७ | १९२१ | १.७ |
| २०५८/५९ | ६२२५ | ०.०८ | ११९०० | -०.४ | १९१२ | -०.४ |
| २०५९/६० | ६२२५ | - | १२४०५ | ४.२ | १९९३ | ४.२ |
| २०६०/६१ | ६२२५ | - | १२५६८ | १.३ | २०१९ | १.३ |
| २०६१/६२ | ६४६८ | ३.९ | १६१२० | २८.३ | २४९२ | २३.४ |

*श्रोत : Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62, कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।*

### (ङ) जौ वाली

**जौ वालीको क्षेत्रफल:** जिल्लामा जौ खेती त्यति महत्वपूर्ण देखिदैन किनकि यो वाली एकदमै कम भूमीमा खेती गर्ने गरिन्छ । यो वालीले ढाकेको क्षेत्रफल २०५६/५७ देखि २०५८/५९ सम्म ५ हेक्टरमा स्थिर थियो भनें २०५९/६० देखि २०६१/६२ सम्म प्रत्येक बर्ष ४ हेक्टरमा सीमित रहेको देखिएको छ ।

**जौ वालीको उत्पादन :** जिल्लामा जौ को उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ मा ३३.३ प्रतिशत घटेको देखिन्छ । त्यसपछिका बर्ष अर्थात २०५८/५९ देखि २०६१/६२ सम्म उत्पादन २ मे.टनमा स्थिर रहेको देखिएको छ । २०५९/६० देखि २०६१/६२ का बर्षहरुमा जौले ढाकेको क्षेत्रफल र उत्पादन कुनै परिवर्तन भएको देखिदैन ।

**जौ वालीको उत्पादकत्व :** जौ को उत्पादकत्व २०५६/५७ को तुलनामा २०५७/५८ मा ३३.३ प्रतिशतले घटेको छ भनें २०५९/६० देखि प्रत्येक वर्ष ५०० के.जी./हे.मा स्थित रहेको छ ।

**तालिका ५.९ : जौ वालीले ढाकेको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

क्षेत्रफल: हे., उत्पादन: मे.टन, उत्पादकत्व : के.जी./हे.

| बर्ष | क्षेत्रफल | वृद्धि (%) | उत्पादन | वृद्धि (%) | उत्पादकत्व | वृद्धि (%) |
|---|---|---|---|---|---|---|
| २०५६/५७ | ५ | – | ३ | – | ६०० | – |
| २०५७/५८ | ५ | – | २ | – ३३.३ | ४०० | – ३३.३ |
| २०५८/५९ | ५ | – | २ | ० | ४०० | – |
| २०५९/६० | ४ | – २०.० | २ | ० | ५०० | २५.० |
| २०६०/६१ | ४ | ० | २ | ० | ५०० | ० |
| २०६१/६२ | ४ | ० | २ | ० | ५०० | ० |

*श्रोत: Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।*

## ५.२.१.२ खाद्यान्न आत्म निर्भरता

नुवाकोट जिल्लाको विगत ६ वर्षको खाद्यान्न उत्पादन तथा आवश्यकता तुलना गर्दा हरेक वर्ष खाद्यान्न बचत हुने गरेको देखिन्छ । २०५७ मा खाद्यान्न बचत २९५५ मे.टन भएकोमा यस पछिका वर्षहरुमा बढने/घटने क्रम भई २०६२ सालमा १७०७३ मे.टन बचत भएको देखिन्छ । २०६२ को खाद्यान्न बचत परिमाण २०५७ को तुलनामा झण्डै ६ गुणा बढेको छ ।

**तालिका ५.१० : उपभोग्य उत्पादन, आवश्यकता र बचत परिमाण**

परिमाण : मे.टनमा

| वर्ष | उपभोग्य उत्पादन | आवश्यकता | बचत परिमाण |
|---|---|---|---|
| २०५७ | ६२९०२ | ५९९४७ | २९५५ |
| २०५८ | ६८८९९ | ५९२०७ | ९६९२ |
| २०५९ | ६६९१७ | ५८४४५ | ८४७१ |
| २०६० | ७६३०१ | ५९३७४ | १६९२७ |
| २०६१ | ७५६१६ | ६०३१८ | १५२९८ |
| २०६२ | ७८३५१ | ६१२७८ | १७०७३ |

*श्रोत: कृषि बजार सूचना पत्रिका  विभिन्न वर्षहरु, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहरभवन ।*




२०५७ को तुलनामा २०५८ सालमा उपभोग्य खाद्यान्नको उत्पादन वृद्धि भएको तर आवश्यकता घटेको हुँदा बचत परिमाण बढेको देखिएको छ । तर २०५९ सालमा उपभोग्य खाद्यान्नको उत्पादनमा केही घटन गएको हुँदा बचत परिमाण पनि घटन गएको छ । २०६० मा अधिल्लो वर्षको तुलनामा उपभोग्य खाद्यान्नको उत्पादन १४ प्रतिशतले वृद्धि भएको हुँदा बचत परिमाण अधिल्लो वर्षको तुलनामा झण्डै दोब्बरले वृद्धि हुन गएको देखिन्छ । २०६१ मा उपभोग्य खाद्यान्नको उत्पादन घटेको हुँदा बचत परिमाण ९.६ प्रतिशतले घटन गएको छ । त्यस्तै २०६२ मा उपभोग्य उत्पादनको परिमाण ३.६ प्रतिशतले वृद्धि भएको हुँदा बचत ११.६ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ ।

### ५.२.१.३ नगदे वालीले ढाकेको क्षेत्रफल र उत्पादन

जिल्लामा विभिन्न किसिमका नगदे वालीको उत्पादन हुने गरेको देखिएको छ । यी नगदे वालीमा तोरी, आलु, कफी र उखु प्रमुख वाली देखिएका छन् ।

जिल्लामा तोरीले ढाकेको क्षेत्रफल र उत्पादन २०५६/५७ क्रमश: ६६० हे.र ५५१ मे.टन रहेकोमा २०५७/५८ मा केही घटेको देखिएको छ तर उत्पादकत्व भनें बढेको देखिएको छ। २०५८/५९ मा अघिल्लो बर्षको तुलनामा क्षेत्रफल, उत्पादन र उत्पादकत्व बृद्धि भएको देखिएको छ र २०५९/६० मा पनि यहि स्थिति रहेको छ। तर यो वालीको अघिल्लो बर्षको तुलनामा २०६०/६१ र २०६१/६२ मा क्षेत्रफल, उत्पादन र उत्पादकत्व अधिल्लो वर्षको तुलनामा घटेको देखिएको छ।

**तालिका ५.११ : नगदे वालीको  क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व**

क्षेत्रफल: हेक्टर, उत्पादन : मेट्रिक टन, उत्पादकत्व : किलोग्राम प्रति हेक्टर

| बर्ष | विवरण | तोरी | आलु | कफी | उखु |
|---|---|---|---|---|---|
| २०५६/५७ | क्षेत्रफल | ६६० | १७०० | - | १८० |
| | उत्पादन | ५५१ | १६३५० | - | ४८४० |
| | उत्पादकत्व | ८३५ | ९६१८ | - | २६८८९ |
| २०५७/५८ | क्षेत्रफल | ५७५ | १७०० | - | १४० |
| | उत्पादन | ५१५ | १८६९९ | - | ३९२० |
| | उत्पादकत्व | ८९६ | १०९९९ | - | २८००० |
| २०५८/५९ | क्षेत्रफल | ५८० | १७५० | - | १०० |
| | उत्पादन | ५८६ | १९३०० | - | ३००० |
| | उत्पादकत्व | १०१० | ११०२९ | - | ३०००० |

| बर्ष | विवरण | तोरी | आलु | कफी | उखु |
|---|---|---|---|---|---|
| २०५९/६० | क्षेत्रफल | ५८० | १८१५ | - | १०० |
| | उत्पादन | ५८६ | १९२५० | - | ३००० |
| | उत्पादकत्व | १०१० | १०६०६ | - | ३०००० |
| २०६०/६१ | क्षेत्रफल | ५५५ | १८२० | ४८ (१८)* | १०० |
| | उत्पादन | ५०० | २१३४८ | १२ | ३००० |
| | उत्पादकत्व | ९०१ | ११७३० | | ३०००० |
| २०६१/६२ | क्षेत्रफल | ५०० | १८५० | ४८ (१८)* | १०० |
| | उत्पादन | ४०० | २०९५० | १४ | ३००० |
| | उत्पादकत्व | ८०० | ११३२४ | | ३०००० |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

** उत्पादन दिने विरुवाले ढाकेको क्षेत्रफल ।*

आलुको क्षेत्रफल २०५६/५७ र २०५७/५८ मा १७०० हे.मा स्थिर रहेको देखियो भने उत्पादन र उत्पादकत्व २०५७/५८ मा केहि बृद्धि भएको देखिएको छ । २०५७/५८ र २०५८/५९ मा अघिल्लो बर्षको तुलनामा यो वालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व बृद्धि भएको देखिएको छ र यस पछिका बर्षहरुमा थोरै बृद्धि हुँदै गएको देखिएको छ ।

२०६०/६१ देखि जिल्लामा कफी खेती शुरु भएको र सानो परिमाणमा उत्पादन हुन थालेको देखिएको छ । कफीको कुल क्षेत्रफल ४८ हेक्टर भएको तर उत्पादन दिने विरुवाले ढाकेको क्षेत्रफल १८ हेक्टर रहेको छ भने उत्पादन २०६०/६१ मा १२ मे.टन र २०६१/६२ मा १४ मे.टन रहेको देखिएको छ ।

२०५६/५७ मा उखु खेतीको क्षेत्रफल र उत्पादन क्रमशः १८० हे. र ४८४० मे.टन रहेको मा २०५७/५८ मा घटेको देखिएको छ तर उत्पादकत्व भने बढेको देखिएको छ । त्यस पछिका बर्षहरुमा उखु खेतीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व क्रमशः १०० हे. र ३००० मे.टन र ३००० के.जी./हे.मा स्थिर रहेको देखिएको छ ।

### ५.२.१.४ दलहनको क्षेत्रफल र उत्पादन

जिल्लामा विभिन्न किसिमका दलहन उत्पादन हुने गरेको पाइएको छ । यी मध्ये सवैभन्दा बढी क्षेत्रफल ओगटेको र उत्पादन पनि बढी हुने भटमास पाइएको छ भने दोश्रो स्थानमा मास रहेको देखिएको छ ।

जिल्लामा मुसुरोको क्षेत्रफल र उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ मा थोरै बृद्धि भएको देखिएको छ भने २०५७/५८ देखि २०६०/६१ सम्म क्षेत्रफल १० हे.मा र उत्पादन १० मे.टन मा स्थिर रहेको देखिएको छ ।

जिल्लामा केराउले ढाकेको क्षेत्रफल र उत्पादन नगण्य रहेको देखिएको छ । केराउको क्षेत्रफल र उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ मा घटेको र त्यस पछिका वर्षहरुमा क्षेत्रफल र उत्पादन स्थिर रहेको देखिएको छ ।

जिल्लामा रहरको दालले ढाकेको क्षेत्रफल ७ हे.अथवा ८ हे.मा स्थिर रहेको र उत्पादन ४ मे.टन र ७ मे.टन को बिचमा रहने गरेको छ । रहरको दालको उत्पादकत्व २०५६/५७ र २०५७/५८ मा ५०७१ के.जी./हे. रहेकोमा २०५८/५९ देखि २०६०/६१ सम्म प्रत्येक वर्ष ७५० के.जी./हे. भएकोमा २०६१/६२ मा १००० के.जी./हे. पुगेको देखिएको छ ।

जिल्लामा मासले ढाकेको क्षेत्रफल २०५६/५७ देखि २०६१/६२ सम्म कुनै घट/बढ नभई १३० हे. नै रहेको देखिएको छ भने उत्पादन शुरुका दुई बर्षहरुमा (२०५६/५७ र २०५७/५८) मा ६६ मे.टनमा स्थिर भएको देखिन्छ । २०५८/५९ र २०५९/६० मा ७८ मे.टन रहेको तर २०६०/६१ र २०६१/६२ मा उत्पादन घटी ६६ मे.टनमा स्थिर रहेको छ ।

चनाको क्षेत्रफल र उत्पादन २०५७/५८ देखि २०६१/६२ सम्म क्रमशः ५ हेकटर र ६०० मे.टनमा स्थिर रहेको देखिएको छ । भटमासको उत्पादन परिमाण हेर्दा जिल्लामा यसले महत्वपूर्ण स्थान ओगटेको देखिन्छ । यसले ढाकेको क्षेत्रफल र उत्पादन २०५६/५७ देखि २०६१/६२ सम्म २०५७/५८ बाहेक कुनै परिवर्तन नआई क्षेत्रफल ४५० हे.मा र उत्पादन ५४० मे.टनमा रहेको देखिएको छ । अन्य दलहनले ढाकेको क्षेत्रफल र उत्पादनमा पनि २०५६/५७ देखि २०६१/६२ सम्म क्रमशः ३३५ हेकट र २६८ मे.टनमा कुनै घट/बढ भएको देखिँदैन ।

**तालिका ५.१२ : दलहन उत्पादन तथा उत्पादकत्व**

क्षेत्रफलः हे., उत्पादन : मे.टन, उत्पादकत्व : के.जी./हे.

| बर्ष | विवरण | मसुरो | केराउ | रहरको दाल | मास | चना | भटमास | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०५६/५७ | क्षेत्रफल | १२ | ५ | ७ | १३० | ५ | ४५० | ३३५ |
| | उत्पादन | ८ | ४ | ४ | ६६ | ३ | ४५० | २६८ |
| | उत्पादकत्व | ६७ | ८०० | ५७१ | ५०८ | ६०० | १००० | ८०० |
| २०५७/५८ | क्षेत्रफल | १० | १ | ७ | १३० | ५ | ४०० | ३३५ |
| | उत्पादन | १० | १ | ४ | ६६ | ३ | ३७५ | २६८ |
| | उत्पादकत्व | १००० | १००० | ५७१ | ५०८ | ६०० | ९३८ | ८०० |
| २०५८/५९ | क्षेत्रफल | १० | १ | ८ | १३० | ५ | ४५० | ३३५ |
| | उत्पादन | १० | १ | ६ | ७८ | ३ | ५४० | २६८ |
| | उत्पादकत्व | १००० | १०० | ७५० | ६०० | ६०० | १२०० | ८०० |
| २०५९/६० | क्षेत्रफल | १० | १ | ८ | १३० | ५ | ४५० | ३३५ |
| | उत्पादन | १० | १ | ६ | ७८ | ३ | ५४० | २६८ |
| | उत्पादकत्व | १००० | १०० | ७५० | ६०० | ६०० | १२०० | ८०० |
| २०६०/६१ | क्षेत्रफल | १० | १ | ८ | १३० | ५ | ४५० | ३३५ |
| | उत्पादन | १० | १ | ६ | ६६ | ३ | ५४० | २६८ |
| | उत्पादकत्व | १००० | १००० | ७५० | ५०८ | ६०० | १००० | ८०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०६१/६२ | क्षेत्रफल | १० | १ | ७ | १३० | ५ | ४५० | ३३५ |
| | उत्पादन | १० | १ | ७ | ६६ | ३ | ४५० | २६८ |
| | उत्पादकत्व | १००० | १००० | १००० | ५०८ | ६०० | १००० | ८०० |

*श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।*

## ५.२.१.५ कृषि सेवा केन्द्र

जिल्लामा कृषि विकासको लागि कृषि विकास कार्यालयले कार्यालय मार्फत र विभिन्न गा.वि.स.मा ६ वटा सेवा केन्द्र वाट कृर्षकहरुलाई कृषि सम्बन्धि प्रविधिक सेवा पुऱ्याउदै आएको छ । जिल्ला कृषि विकास कार्यालय र कृषि सेवा केन्द्रले सेवा पुऱ्याउने गा.वि.स.हरुको विवरण तालिका ५.१३ मा दिइएको छ ।

**तालिका ५.१३ : कृषि सेवा केन्द्र**

| क.स. | सेवा केन्द्र | संख्या | सेवा पुऱ्याउने गा. वि.स. |
|---|---|---|---|
| १ | कृषि सेवा केन्द्र, थानापती | १० | थानापती, तलाखु, छाप, लिखु, महाकाली, सिके, समुन्द्र देवी, सुनखानी, थानसीं, भद्रुटार |
| २ | कृषि सेवा केन्द्र, रानीपौवा (ककनी) | ६ | ककनी, ओखरपौवा, चाउथे, कुमरी, मदानपुर, चतुराले |
| ३ | कृषि सेवा केन्द, खरानीटार | १३ | घ्याङफेदी, राउतबेसी, गाउखर्क, बेतिनी, शिखरवेसी, सुन्दरादेवी, समुन्द्रटार, रालुकादेवी, बालकुमारी, थप्रेक, पञ्चकन्या, खरानीटार, उर्लेनी |
| ४ | कृषि सेवा केन्द्र, देवीघाट | ८ | तारुका, बुधसिंङ, गोर्स्याङ, दाङसिङ, खड्गभञ्ज्याङ, जिलिङ, रातमाटे, दुईपिपल |
| ५ | कृषि सेवा केन्द्र चौघडा | ९ | लच्याङ, वागेश्वरी, हल्देकालिका, नर्जामण्डप, गणेशस्थान, कविलास, चौघडा, खानीगाउँ, सूर्यमती |
| ६ | कृषि सेवा केन्द, देउराली | ५ | वर्सुन्चेत, बुङताङ, किमताङ, देउराली, सामरी, भाल्चे, साल्मे, काउले, फिकुरी, तुप्चे, मनकामना |
| ७ | जिल्ला कृषि विकास कार्यालय, विदुर | | कल्याणपुर, गेर्खु, चारघरे, वेलकोट, विदुर न.पा. |

*श्रोतः जिल्ला कृषि विकास कार्यालय, नुवाकोट ।*

## ५.२.१.६ बाली चक्र

बेँसी/टारको खेतमा धान पछि गहुँ अथवा तोरी अथवा आलु अथवा तरकारी बाली चक्र/प्रणली तर्फ जिल्लाको विभिन्न क्षेत्रको भौगोलिक वनोट, जलवायु तथा सिंचाइ उपलब्धताको भिन्नताको कारणवाट कृषकहरुले विभिन्न किसिमको बाली चक्र अपनाउने गरेको देखिनछ । धान पछि बाँझो

राखी  धान नै खेती गर्ने बाली चक्र रहेको पाईएको छ भने पहाडी भेगको खेतमा धान पछि गहुँ वा तोरी अथवा धान पछि बाँझो वा मकै वा धान पछि बाँझो नै राख्न बाली चक्र रहेको देखिएको छ ।

लेकमा खेत जग्गामा धान पछि बाँझो र त्यसपछि मकै लगाउने र बारी जग्गामा मकै पछि कोदो वा आलु वा गँहु लगाउने र त्यसपछि बाझो राख्ने चलन छ ।

**तालिका ५.१४ : बाली चक्र**

**बैंसी/टार**

| खेत | बारी |
|---|---|
| धान– गहुँ – धान | मकै –कोदा–बाँझो |
| धान– गहुँ –मकै | मक– कोदो – तोरी |
| धान– तोरी– धान | मकै– दलहन– गहुँ |
| धान– तोरी– मकै | मकै– दलहन– बाँझो |
| धान– आलु–धान | मक–झुसोतिल– बाँझो |
| धान– आलु– मकै | मक– तिल– गहुँ |
| धान– तरकारी– धान | मकै– तोरी–बाँझो |
| धान– तरकारी– मकै | बदाम– झुसोतिल–बाँझो |
| धान– बाँझो–  धान | घैया |

**मध्य पहाडी भेग**

| खेत | बारी |
|---|---|
| धान – गहुँ– धान | मकै–कोदो – बाँझो |
| धान– तोरी– मकै | मकै–कोदो  – तोरी |
| धान– तोरी– बाँझो | बदाम –तोरी  – बाँझो |
| धान–बाँझो – मकै | मकै+भटमास–कोदो  –  बाँझो |
| धान – बाँझो – बाँझो | बोडी –बाँझो |

**लेक**

| खेत | बारी |
|---|---|
| धान –बाँझो – मकै | मकै–कोदो – बाँझो |
| धान –बाँझो – बाँझो | मकै–आलु  –  बाँझो |
| धान – गहुँ– मकै | मकै+बेडी,भटमास–कोदो  –बाँझो |
| धान–बाँझो – मकै | मकै–गहुँ  – बाँझो |
| मकै | गहुँ  – बाँझो |
| मकै | तोरी – बाँझो |
| घैया | झुसोतिल  – बाँझो |

*श्रोतः जिल्ला कृषि विकास कार्यालय, नुवाकोट ।*

बैंसी/टारको बारीको बाली चक्रको  सन्दर्भमा मकै पछि कोदो वा दलहन वा झुसेतिल वा तिल वा तोरी पछि तोरी वा गँहु अथवा वाझै राख्ने प्रचलन रहेको पाईएको छ भने पहाडी भेगको वारीमा मकै पछि कोदो वा तोरी पछि वाझो वा तोरी र बदाम पछि तोरी वा बाझो राख्ने चलन रहेको

पाईएको छ । यसरी बाली चक्रमा जग्गा बाझो राख्ने जग्गामा बाली लगाउने वातावरण श्रृजना गर्न अति आवश्यक देखिएको छ ।

### ५.२.१.७ कृषि उत्पादनको लागि तुलात्मक लाभका स्थलहरु

जिल्लामा धान,गहुँ, मकै वाली र आलु उत्पादन हुने महत्वपूर्ण थलोहरु रहेको अथवा विकास भएको देखिएको छ भने तरकारी, फलफूल र नगदे वाली अलैंची, कफी आदि उत्पादन हुने थलोहरुको पनि पहिचान तथा विकास भई सकेको छ । lhNnfsf] ssgL lf]qdf :6««j]/Lsf] pTkfbg ljutsf jif{x? b]vL ;kmn ?kdf x'g] u/]sf] 5 / o;n] s[ifsx?sf] cfly{s :t/df b]jf k'u]sf] 5 .कृषि जन्य यी विभिन्न बालीको व्यवसायिक कार्यक्रम संचालनका लागि तुलात्मक लाभका स्थलहरु तालिका ५.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१५ : कृषि उत्पादनका प्रमुख तथा सम्भाव्य स्थल**

| क्र.स. | वाली लगाइने गरेका गा.वि.स हरु | वाली |
|---|---|---|
| १. | थानसिं, मदानपुर, सुर्यमती, बेलकोट, कबिलास, खानीगाँउ, थानापती, जिलीङ्ग, चौघडा | धान वाली |
| २. | चौघडा, थानसिं, रालुका, कल्याणपुर, कविलास, ओखरपौवा | गहुँ वाली |
| ३. | तुप्चे, चौघडा, कल्याणपुर, मदानपुर | मकै वाली |
| | **तरकारी लगाइने गरेका गा.वि.स हरु** | **तरकारी** |
| ४ | किम्ताङ्ग, वुङ्गताङ्ग, साल्मे, भाल्चे, बेलकोट, मदानपुर, देउराली, खानीगाउँ | आलु |
| ५ | खानीगाँउ ढिकुर | काउली, वन्दा, गोलभेडा, खुर्सानी, आलु, भण्टा, काँक्रो |
| ६ | बेलकोट | आलु, घिउसिमी, काउली, गोलभेडा, काँक्रो |
| ७ | ककनी, ओखरपौवा | मूला |
| ८ | सुर्यमती | गोलभेडा, खुर्सानी |
| ९ | तारुका | खुर्सानी, गोलभेडा, घिउसिमी |
| १० | दुईपीपल | गोलभेडा |
| ११ | मदानपुर | काउली, वन्दा, काँक्रो |
| १२ | खड्गभञ्ज्याङ्ग | काउली, वन्दा, काँक्रो, खुर्सानी |

| क्र.स. | फलफूल उत्पादन गरिने गा.वि.सहरु | फलफूलहरु |
|---|---|---|

| | | |
|---|---|---|
| १. | थानसिं, चौघडा | आँप, लिची |
| २. | वि.न.पा. | आँप, लिची, निवुवा, भुईकटहर |
| ३. | सुर्यमती | आँप, लिची, केरा |
| ४. | भद्रुटार | केरा |
| ५. | तुप्चे | आँप, लिची |
| ६. | ककनी | आरु, आरुबखडा, नास्पाती |
| ७. | फिकुरी, मनकामना | नास्पाती |
| ८. | देउराली, किम्ताङ्ग | आरु, आरुबखडा, नास्पाती |
| ९. | कल्याणपुर, सामरी | सुन्तला |
| १०. | बेलकोट | निबुवा, कागति, केरा, सुन्तला |
| ११. | ककनी, ओखरपौवा, चतुराले, मदानपुर | स्ट्रवेरी |
| १२. | सिक्रे, ककनी, देउराली, समुन्द्रादेवी, महाकाली, लिखु, छाप, तलाखु, बालकुमारी- वि.न.पा. | अलैंची, भुसेतिल |
| १३. | चारघरे, वि.न.पा., पञ्चकन्या | कफी |
| १४. | सुन्दरादेवी, देउराली, बुङ्गताङ्ग, किम्ताङ्ग, ककनी, ओखरपौवा, साल्मे, भाल्चे | चिया |

*श्रोत: जिल्ला कृषि विकास कार्यालय, नुवाकोट ।*

## ५.२.२ पशुपंक्षी जन्य तथा माछा उत्पादन र आत्म निर्भरता

### ५.२.२.१ पशुपंक्षी संख्या

नुवाकोट जिल्लामा अधिकांश जनसंख्या कृषिमा संलग्न भएका र कृषि तथा पशुपालन एक अर्काका अभिन्न अङ्ग भएका हुँदा सवैजसो कृषकहरु पशुपालनमा संलग्न रहेको पाइन्छ । यस जिल्लामा विभिन्न किसिमका पशुपंक्षीहरु पाल्ने गरिन्छ ।

संख्याको आधारमा हेर्दा सवै भन्दा बढी संख्या गाईगोरुको देखिएको छ भने दोस्रोमा भेडाको र तेश्रोमा बाखाको संख्या देखिएको छ । जिल्लामा चरा चुरुङ्गीको संख्या पनि उल्लेखनीय देखिन्छ ।

**तालिका ५.१६ : पशुपंक्षीको विवरण**

(संख्या)

| विवरण | ०५६/५७ | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१ | ०६१/६२ |
|---|---|---|---|---|---|---|
| गाईगोरु | १२६५४९ | १२७९२३ | १०५४९९ | १०७९२३ | १२८१४४ | १२७७२१ |
| भैंसी राँगा | ७७७३१ | ७८६७८ | ८०५९६ | ७८६८८ | ७६८०५ | ७६९०० |
| भेडा | ११९६६४ | १११६० | ११२७९ | १११६० | ११०४२ | ११२०० |
| बाखा | ८९४३७ | ८७२१७ | ८९२०० | ८७२१७ | ८८२७८ | ९८२७९ |
| सुंगुर | ३२२८ | २५९२ | २०२५ | २५९२ | २५०३ | ३००० |
| चराचुरुङ्गी | ५७२९५८ | ८५४९६३ | ३२३८०९ | ८५४९६३ | ७५८४४० | ७१५८४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हाँस | २६४४ | २४२१ | २८६९ | २४२१ | २०४३ | २०४३ |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

### (क) गाईगोरु

जिल्लामा गाईगोरुको संख्या २०५६/५७ मा १ २६५४९ भएकोमा २०५७/५८ मा बढेर १ २७९२३ पुग्यो तर २०५८/५९ मा १७.५ प्रतिशतले घटि १०५४९९ रह्यो भने २०५९/६० मा लगभग यहि स्थिति रह्यो । यो संख्या २०६०/६१ मा १८.७ प्रतिशतले वृद्धि हुन गयो भने २०६१/६२ मा केही घटेको देखिन्छ ।




### (ख) भैंसी/रांँगा

जिल्लामा भैंसी राँगाको संख्या. २०५६/५७ मा ७७७३१ भएकोमा २०५७/५८ मा बढेर ७८६७८ पुगेको देखिन्छ । भैंसीको संख्या २०५८/५९ मा केही बढ्यो भने २०५९/६० देखि घटने क्रम जारी रहेको देखिन्छ ।

### (ग) भेडा

जल्लामा भेडाको संख्या २०५६/५७ मा १९९६४ भएकोमा त्यस पछिका वर्षहरुमा थोरै घटबढ भएको र पनि २०५६/५७ को भन्दा कम रहेको छ ।

### (घ) बाखा

जिल्लामा २०५६/५७ को तुलनामा २०५७/५८ देखि २०६०/६१ सम्मका वर्षहरुमा थोरै संख्यामा घट/बढ भए पनि बाखाको संख्या घटेकै देखिएको छ । तर २०६१/६२ मा भने अधिल्ला वर्षहरुको तुलनामा बाखाको संख्या ११.३ प्रतिशतले बढेको देखिएको छ ।

### (ङ) सुंगुर

जिल्लामा २०५६/५७ सुंगुरको संख्या ३२२८ भएकोमा २०५७/५८ देखि २०६१/६२ सम्मका वर्षहरुमा थोरै संख्यामा घट/बढ भएता पनि घटने क्रम रहेको देखिन्छ । २०६१/०६२ मा सुंगुरको संख्या ३००० रहेको देखिन्छ ।

**(च) चराचुरुङ्गी**
जिल्लामा चराचुरुङ्गीको संख्या उल्लेखनीय रुपमा बढेको देखिएको छ । २०५६/५७ मा चराचुरुङ्गीको संख्या ५७२९५८ भएकोमा २०५७/५८ मा ४९.२ प्रतिशतले बढेको देखिएको छ । तर २०५८/५९ मा एकदमै घटेको छ भने २०५९/६० मा पुनः उलेख्यनीय रुपमा बढेको (१६४प्रतिशत) तर २०६०/६१ र २०६१/६२ मा घटदै गएको देखिएको छ ।

**(छ) हाँस**
जिल्लामा हाँसको संख्या त्यति ठूलो देखिंदैन । हाँसको संख्या २०५६/५७ मा २५४४ भएकोमा २०५७/५८ मा घटेको देखिन्छ भने २०५८/५९ मा केही वृद्धि भएको र यस पछिका वर्षहरुमा घटने क्रम रहेको देखिएको छ ।

## ५.२.२.२ दुधालु जनावरको संख्या र दुध उत्पादन

जिल्लामा दुधालु गाईको संख्या भन्दा भैंसीको संख्या धेरै रहेको छ । यसैगरी गाईको भन्दा भैसीको दुधको उत्पादन धेरै रहेको छ ।

**(क) दुध दिने गाई**
जिल्लामा दुध दिने गाईको संख्या २०५६/५७ मा १४४०७ भएकोमा २०५७/५८ मा १५५६३ पुगेको देखिन्छ । पछिका २ वर्षहरुमा दुध दिने गाईको संख्या घटेको देखिएको छ । २०६०/६१ मा दुधालु गाईको संख्या बढेर २०५७/५८ कै हाराहारीमा पुग्यो भने २०६१/६२ मा २०६०/६१ कै स्थिति रहेको देखिन्छ ।

**तालिका ५.१७ : दुधालु जनावर र दुध उत्पादन**

| विवरण | ०५६/५७ | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१ | ०६१/६२ |
|---|---|---|---|---|---|---|
| गाई (दुधालु संख्या) | १४४०७ | १५५६३ | १२८३५ | १३१३० | १५५९० | १५५३९ |
| भैंसी (दुधालु संख्या) | १७९९० | १८२०९ | १८४२९ | १८९९० | १८५३८ | १८५६१ |
| गाईको दुध (मे.टन) | ६००६ | ६४८८ | ५३५१ | ५४७४ | ६५०० | ६४७९ |
| भैंसीको दुध (मे.टन) | १७३९२ | १७६०४ | १७८१६ | १८३५८ | १७९२१ | १७९४३ |
| दुध जम्मा (मे.टन) | २३३९८ | २४०९२ | २३१६७ | २३८३२ | २४४२१ | २४४२२ |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

**(ख) दुध दिने भैंसी**
दुध दिने भैंसीको संख्या २०५६/५७ मा १७९९० भएकोमा २०५७/५८ वृद्धि भई १८२०९ पुगेको थियो । यस पछिका २ वर्ष दुध



दिने भैंसीको संख्यामा वृद्धि हुन गयो भने २०६०/६१ मा केही घटन गएको छ र २०६१/६२ मा अधिल्लो वर्षको स्थिति रहेको देखिन्छ।

### (ग) दुध उत्पादन

दुधालु गाईको संख्या भन्दा भैंसीको संख्या करीव ३ हजार जतिले बढी भएको हुँदा दुध उत्पादन पनि गाईको भन्दा भैंसीको बढी हुनु स्वभाविक हो। कूल दुध उत्पादनमा भैंसीको दुधको हिस्सा ७५ प्रतिशतको हाराहारीमा रहेको छ भने बाँकी २५ प्रतिशत हिस्सा गाईको दुधको छ।




जिल्लामा उत्पादन हुने गाईको दुधको तुलनामा भैंसीको दुधको परिमाण लगभग तीनगुणा वढी देखिएको छ। जिल्लामा गाईको दुधको उत्पादन २०५६/५७ मा ६००६ मे.टन भएकोमा पछिका ४ वर्षहरुमा घट/बढ भई २०६०/६१ मा ६५०० मे.टन पुगेको देखिन्छ, तर २०६१/६२ मा भने केही घटेको देखिएको छ। भैंसीको दुध २०५६/५७ मा १७९२ मे.टन उत्पादन भएकोमा २०५७/५८, २०५८/५९ र २०५९/६० मा वृद्धि भएको देखिएको छ भने २०६०/६१ र २०६१/६२ मा केही घटेको देखिएको छ।




### ५.२.२.३ मासु तथा अण्डा उत्पादन

जिल्लामा मासु उत्पादनको स्थिति विश्लेषण गर्दा सवै भन्दा बढी राँगा/भैंसीको मासु उत्पादन हुने गरेको देखिन्छ भने दोस्रो स्थानमा कुखुराको मासु र तेस्रो स्थानमा खसीको मासु उत्पादन हुने गरेको देखिन्छ।

**तालिका ५.१८ : मासु उत्पादन**

उत्पादन : मे.टनमा

| मासु | ०५६/५७ | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१ | ०६१/६२ |
|---|---|---|---|---|---|---|
| राँगा/भैंसी | २५१५ | २५४६ | २६०८ | २५४६ | २४८५ | २५५२ |
| भेडा | ३५ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| खसी | २६५ | २५८ | २६४ | २५८ | २६१ | ३२० |
| बंगुर/सुंगुर | ८९ | ७१ | ८३ | ७१ | ६९ | १०२ |
| कुखुरा | ३५१ | ५२४ | १९८ | ५२३ | ४६४ | ४६६ |
| हाँस | २ | २ | २ | २ | २ | २ |
| जम्मा | ३२५७ | ३४३४ | ३१८८ | ३४३३ | ३३१४ | ३४७५ |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

**(क) राँगा/भैंसीको मासु**

जिल्लामा राँगा/भैंसीको मासु उत्पादन २०५६/५७ मा २५१५ मे.टन भएकोमा २०५७/५८ र २०५८/५९ मा वृद्धि भई २६०८ मे.टन पुगेको देखिन्छ । २०५९/६० र २०६०/६१ घटन गएकोमा २०६१/६२ मा केही बढेको देखिएको छ ।




**(ख) भेडाको मासु**

२०५६/५७ मा भेडाको मासु उत्पादन ३५ मे.टन भएकोमा त्यस पछिका ५ वर्षमा ३३ मे.टनमा स्थिर रहेको देखिएको छ ।

**(ग) खसीको मासु**

२०५६/५७ मा खसीको मासु उत्पादन २६५ मे.टन थियो तर पछिका ४ वर्षहरुमा घटन गएको र २०६१/६२ मा भने केही बढेको देखिएको छ ।

**(घ) वंगुर/सुंगुरको मासु**

२०५६/५७ मा वंगुर/सुंगुरको मासु उत्पादन ८९ मे.टन भएको देखिन्छ । त्यस पछिका वर्षहरुमा घटने क्रम रहेकोमा २०६१/६२ मा वृद्धि भई १०२ मे.टन पुगेको देखिएको छ।

**(ङ) कुखुराको मासु**

विगत ६ वर्षमा कुखुराको मासु उत्पादन घटने बढने प्रवत्ति देखा परेको छ । २०५६/५७ मा कुखुराको मासु ३५१ मे.टन भएकोमा २०५७/५८ मा ५२४ मे.टन पुगेको थियो । तर २०५८/५९ मा घटेर १९८ मे.टन मात्र रह्यो भने २०५९/६० मा अत्यधिक रुपमा वृद्धि भई ५२३ मे.टन पुगेको थियो ।

हाँसको मासुको उत्पादन जिल्लामा नगण्य मात्रामा हुने गरेको देखिएको छ र यो उत्पादन २०५६/५७ देखि २०६१/६२ का वर्षहरुमा २ मे.टनमा स्थिर रहेको देखिएको छ ।

**(च) मत्स्य पालन तथा उत्पादन स्थिति**

नुवाकोट जिल्ला पहाडी जिल्ला भएता पनि यस जिल्लाका केही ठाउँहरुमा माछापालन गर्ने गरिन्छ। जिल्लामा माछाको उत्पादनक विश्लेषण गर्दा २०५६/५७ देखि २०६१/६२ का वर्षहरुमा पोखरीको संख्या र माछाको उत्पादन दुवै घटवढ हुने प्रवृत्ति देखिएको छ । २०५६/५७ मा माछा पोखरीको संख्या जम्मा २४ भएकोमा २०५७/५८ मा बढेर ४० पुग्यो र २०५८/५९ मा सिमित

रह्यो । २०५९/६० मा पोखरीको संख्या बढेर ५५ पुग्यो भने त्यसपछिका २ वर्षमा ५२ मा स्थिर रह्यो । माछाको उत्पादन भने २०५६/५७ मा ५३२० के.जी. भएकोमा २०५७/५८ मा बढेर ५५०० के.जी. पुग्यो र त्यसपछिका वर्षहरुमा घट/बढ हुने प्रवृत्ति रहेको देखिन्छ । माछाको उत्पादकत्व २०५६/५७ मा १७७३ के.जी./हे. भएकोमा २०५७/५८ मा बढेर १८३२ के.जी./हे. पुगेको तर त्यसपछिका ३ वर्षमा १२७० के.जी./हे. रहेको र २०६१/६२ मा केही बढेको देखिएको छ ।

**तालिका ५.१९ माछा उत्पादन विवरण**

| विवरण | २०५६/५७ | २०५७/०५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ |
|---|---|---|---|---|---|---|
| पोखरी संख्या | २४ | ४० | ४० | ५५ | ५२ | ५२ |
| पानीले ढाकेको क्षेत्रफल (हे) | ३ | ३ | ३ | ३.७५ | ४ | ४ |
| माछा उत्पादन के.जी. | ५३२० | ५५०० | ३८१० | ४७६३ | ५०८० | ५२०० |
| उत्पादकत्व (के.जी/हे) | १७७३ | १८३३ | १२७० | १२७० | १२७० | १३०० |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

## (छ) कुखुरा तथा हाँसको संख्या र अण्डा उत्पादन

२०५६/५७ मा अण्डा दिने कुखुराको संख्या १७९८५० हजार भएकोमा २०५७/५८ मा वृद्धि भई २१८३७०६ हजार पुगेको छ । तर २०५८/५९ मा अण्डा दिने कुखुराको संख्यामा ६२.२ प्रतिशतले घटेको देखिएको छ । २०५९/६० मा अण्डा दिने कुखुराको संख्यामा वृद्धि भई २०५७/५८ को हाराहारीमा पुगेको देखिएको छ । २०६०/६१ र २०६१/६२ मा अण्डा दिने कुखुराको संख्या २०५९/६० को तुलनामा केही घटेको देखिएको छ ।

**तालिका ५.२० : अण्डा उत्पादन**

उत्पादन : '०००: सख्यामा

| क्र.स. | विवरण | ०५६/५७ | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१ | ०६१/६२ |
|---|---|---|---|---|---|---|---|
| १ | अण्डा दिने कुखुराको संख्या | १७९८५० | २१८३७० | ८२७०५ | २१८३६८ | १९३७१५ | १८२८३४ |
| २ | अण्डा दिने हाँसको संख्या | १४२९ | १३०८ | १५५० | १३०७ | ११०३ | ११०३ |
| ३ | कुखुराको अण्डा | १५१३१ | १८३७१ | ६९५७ | १९३६८ | १६२९४ | १७९१८ |
| ४ | हाँसको अण्डा | ९७ | ८८ | १०४ | ८७ | ७३ | ७३ |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।




जिल्लामा अण्डा दिने हाँसको संख्या २०५६/५७ मा १४२९ भएकोमा पछिका वर्षहरुमा घटने बढने क्रम रहेको देखिएको छ । २०५७/५८ मा धटेको

देखिएको छ भने २०५८/५९ मा बढेको देखिएको छ र त्यसपछि फेरी घटेको र पछिल्ला २ वर्षमा ११०३ मे.टन मा स्थिर रहेको छ।

जिल्लामा कुखुराको अण्डा उल्लेखनीय रुपमा उत्पादन हुने गरेको पाइएको छ। साथै हाँसको अण्डा पनि उत्पादन हुने गरेको छ। २०५६/५७ मा

कुखुराको अण्डा १५१३१ भएकोमा २०५७/५८ मा १८३७१ पुगेको तर २०५८/५९ मा एकदमै घटेर ६९५७ मात्र भएको देखिएको छ। २०५९/६० मा बढेर १९३६८ पुगेको तर त्यसपछि वर्षहरुमा केही घटेको देखिएको छ।




जिल्लामा हाँसको अण्डाको उत्पादन भने नगण्य परिमाणमा हुने गरेको देखिन्छ। २०५६/५७ मा हाँसको अण्डा ९७००० भएकोमा २०५८/५९ मा अत्यधिक भएको (१०४०००) र त्यस पछिका वर्षहरुमा घटेको देखिन्छ।

### (ज) ऊन उत्पादन

जिल्लामा भेडाको संख्या राम्रै देखिएको छ। २०५६/५७ भेडाको सख्या ११९६४ भएकोमा त्यस पछिका वर्षहरुमा केही घटेको देखिन्छ। उनको उत्पादन २०५६/५७ मा ८३७५ किलो भएको थियो। तर त्यसपछिका वर्षहरुमा घटदै गएर ७८०० किलोको हाराहारीमा रहेको देखिन्छ। २०६१/६२ मा ७८४० किलो भएको देखिएको छ।




**तालिका ५.२१ : ऊन उत्पादन**

उत्पादन : किलोमा

| क्र.स | विवरण | ०५६/५७ | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१ | ०६१/६२ |
|---|---|---|---|---|---|---|---|
| १ | भेडा संख्या | ११९६४ | १११६० | ११२७९ | १११६० | ११०४२ | ११२०० |
| २ | ऊन (किलो) | ८३७५ | ७८१२ | ७८९५ | ७८१२ | ७७३० | ७८४० |

श्रोत: Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं।

## ५.२.२.४ मासुको माँग तथा आपूर्ति



प्रतिव्यक्ति बार्षिक आवश्यकता पर्ने प्रोटिन, क्यालोरी र चिल्लोको लागि मासु कति आवश्यकता पर्दछ भन्ने मापदण्ड थाहा हुन नसकेको स्थितिमा राष्ट्रिय स्तरमा प्रतिव्यक्ति उपलब्ध हुने मासुको परिमाण ९.१६ के.जी. को आधारमा मासुको आवश्यकताको अनुमान गरिएको छ । जिल्लामा २०६२ मा भएको मासुको आपूर्ति र आवश्यकता तुलना गर्दा आबश्यकता भन्दा ७२६.२ मे.टन. बढि मासु उत्पादन भएको देखिन्छ ।

**तालिका ५.२२ : मासुको माँग तथा आपूर्ति**

परिमाण मे.टन

| वर्ष | जनसंख्या | मासुको उत्पादन | आपूर्ति हुनु पर्ने सरदर परिमाण | बचत |
|---|---|---|---|---|
| २०६२ | ३०००९२ | ३४७५ | २७४८.९ | ७२६.६ |

श्रोतः कृषि बजार सूचना (बार्षिक विशेषाङ्क २०६२) एग्री विजिनेश र कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहरभवन ।

### ५.२.२.५ पशु सेवा केन्द्र/उपकेन्द्र

जिल्लामा पशु विकासको लागि १४ वटा सेवा केन्द्र/उपकेन्द्र र जिल्ला पशु केन्द्र मार्फत सेवा पुऱ्याउने गरिएको छ । पशु सेवा केन्द्र/उपकेन्द्र र तिनले सेवा पुऱ्याउने गा.वि.स.हरुको विवरण तालिका ५.२३ मा  दिइएको छ ।

**तालिका ५.२३ : पशु सेवा केन्द्र/उपकेन्द्र र  सेवा पुऱ्याउने गा.वि.स.हरु**

| क्र.सं. | सेवा केन्द्र/उपकेन्द्र | स्थापना | संख्या | सेवा पुऱ्याउने गा.वि.स.हरु |
|---|---|---|---|---|
| १. | सिक्रे | २०५०/५१ | ४ | तलाखु, छापा, लिखु, सिक्रे |
| २. | रानीपौवा | २०३४/३५ | ४ | ककनी, चाउथे, ओखरपौवा, चतुराले |
| ३. | देउराली | २०३४/३५ | ६ | वर्सुन्चेत, देउराली, वुङताङ, सामरी, कल्याणपुर, कम्ताङ |
| ४. | देविघाट | २०३४/३५ | ५ | रातामाटे, चारघरे, ख.भ., वि.न.पा.,जिलिङ |
| ५. | चौघडा | २०३४/३५ | ४ | चौघडा, गणेशस्थान, कविलाश, सूर्यमती |
| ६. | समुन्द्रटार | २०५०/५१ | ५ | शिखरबेँसी, समुन्द्रटार, वालकुमारी , रालुका, सुन्दरावेदी |
| ७. | थानापाति | २०४९/५० | ५ | थानापति, थान्सिङ, सुनखानी, भद्रटार, समुन्द्रादेवी |
| ८. | वेल्कोट | २०४९/५० | ३ | वेल्कोट, कुमारी, मदानपुर |
| ९. | तारुका | २०३४/३५ | ५ | गोरस्याङ, दाडसिङ, तारुका, वुधसिंह, तुप्चे |
| १०. | तुप्चे, काउली | २०४९/५० | ६ | साल्मे, भल्चे, फिकुरी, मनकामना, काहुले, दुइपिपल |
| ११. | खरानीटार | २०५३/५४ | ४ | खरानीटार, नर्जामाण्डप, लच्याङ, उर्लेनी |
| १२. | वागेश्वरी | २०५३/५४ | ४ | गेर्खु, वागेश्वरी, हल्देकालिका, खानीगाउँ |
| १३. | पञ्चकन्या | २०५३/५४ | ३ | थप्रेक, पंचकन्या, महाकाली |

| | | | | |
|---|---|---|---|---|
| १४. | राउतवँशी | २०५३/५४ | ४ | घ्याङफेदी, राउतवेसी,गाउखर्क, वेतिनी |
| | जम्मा | | ६२ | |

श्रोतः पशु सेवा कार्यालय, नुवाकोट ।

## ५.२.२.६ पकेट क्षेत्रको विवरण

जिल्लामा पशु सेवा कार्यालयले विभिन्न क्षेत्रको भौगोलिक तथा वातवरणीय स्थितिको आधारमा उपयुक्त पशु पंक्षीहरुको विकासको लागि आफनो कार्यक्रमहरुलाई एकिकृत रुपमा संचालन गर्न पकेट क्षेत्रहरु निर्माण गरेको छ । भैसी पालन प्याकेज कार्यक्रम जिल्लाका ९ गा.वि.स.हरुमा, बाख्रापालन ६ गा.वि.स हरुमा , वंगुर र भेडा क्रमशः २ र ३ गा.वि.स.हरुमा संचालन गरिएको पाईएको छ । यसरी जिल्लामा पशु विकासका लागि धेरै पकेट क्षेत्रहरुको विकास भई सकेको देखिएको छ । पकेट क्षेत्रहरुको विवरण तालिका ५.२४ मा दिईएको छ ।

**तालिका ५.२४ : पशु पकेट क्षेत्रहरुको विवरण**

| क्र.सं. | प्याकेज | पकेट क्षेत्र |
|---|---|---|
| १. | भैंसी | जिलिङ, वेल्कोट, ख.भ., चारघरे, वि.न.पा.,तुप्चे, गेर्खु, खानीगाउँ, चौघडा |
| २. | बाखा | देउराली, वुङताङ, तुप्चे, कल्याणपुर, ख.भ., जिलिङ |
| ३. | बाखा ब्रिडर | खड्गभञ्याङ |
| ४. | बंगुर | ककनी, वि.न.पा. |
| ५. | भेडा | साल्मे, भाल्चे, किम्ताङ्ग |
| ६. | कुखुरा | तारुका, वि.न.पा. |

श्रोतः पशु सेवा कार्यालय, नुवाकोट ।

## ५.२.२.७ भेडा विकास फार्म पान सय खोला

### (क) फार्मको उद्देश्य तथा हालको स्थिति

जिल्लामा उन्नत जातको भेडा उत्पादन गरी कृषकलाई उपलब्ध गराउन र मासु तथा उन उत्पादन वृद्धिका लागि २०२४/२५ सालमा जिल्ला सदरमुकाम वाट ३३ कि.मि. उत्तर पश्चिम २००० मी. उचाईमा अवस्थित भाल्चे गा.वि.स.मा ४५ हे. क्षेत्रफलमा पान सय खोला भेडा फार्म स्थापना भएको थियो । यस फार्ममा २०२४/२५ सालमा अष्ट्रेलिया सरकारवाट उपहार स्वरुप प्राप्त ८०० पोलवर्थ र मेरिनो जातका भेडावाट स्थानीय वरुवाल भेडाहरुमा प्रजनन गराईएको थियो । यस फार्मको उद्द्श्य निम्न लिखित रहेको थियो ।

१. भेडा पालन सम्वन्धि नयाँ प्रविधिको विकास गराएर भेडाको उत्पादनमा बृद्धि ल्याउने तथा सुधारिएको चरन तथा घाँसे बालीको विउहरु उत्पादन गरी श्रोत केन्द्रको रुपमा विकास गर्दै लैजाने ।
२. सुधारिएको भेडापालन तथा घाँसे वालीको प्रविधि कृषक स्तर सम्म पुऱ्याउने ।
३. स्थानीय बरुवाल भेडा र विदेसी मेरिनो, पोलवर्थ र बोर्डर ल्यासिस्टर वाट वर्णशंकर जातको उत्पादन क्षमताको अध्ययन गर्ने ।
४. वर्णशंकर जातको भेडा भेडी उत्पादन गरी बरुवाल भेडीहरु भएको क्षेत्रमा वितरण गरी उन र मासुको उत्पादन बृद्धि गर्ने ।
५. भेडा पालन सम्बन्धि नयाँ प्रविधि र स्वास्थ्य सम्वन्धि ज्ञान भेडा पालक कृषक समक्ष पुऱ्याउने ।

यस फर्मले स्थापना पछिका केही वर्षहरुमा उल्लेख्य रुपमा वर्णशंकर जातका थुमाहरु उत्पादन गरी कृषकहरुलाई वितरण गर्दै आएकोमा द्धन्द्धका कारणले गर्दा फार्मको कियाकलाप घट्दै गयो र हाल ज्यादै न्युन रहेको छ । २०५६/५७ मा फार्ममा शुद्ध मेरिनो भेडा ४२ वटा, ५०% मेरिनो भेडा ६ वटा, शुद्ध पोलवर्थ भेडा ५ वटा, ५०% पोलवर्थ भेडा १११ वटा, स्थानीय वरुवाल भेडा १०१ वटा, र ५०% व्रोडर ल्यासिएटर भेडा १४ वटा गरी जम्मा २७७ वटा भेडा रहेको थिए । २०६३ वैशाखमा फार्ममा शुद्ध मेरिनो र शुद्ध पोलवर्थ ८/८ वटा मात्र रहेका र ती पनि बुढा भैसकेका अवस्थामा छन् । वर्ण शंकर भेडा ७७ वटा र स्थानीय वरुवाल भेडा ८३ वटा रहेका छन् । फार्म संचालनको लागि हाल २ जे.टी.ए, ३ गोठाला, ३ ज्यामी र ३ वटा कुकुर रहेका छन् । हाल फार्ममा भेडाहरुको संरक्षणको लागि गोठ र बासको अभाव रहेको छ । फार्ममा निर्माण गरिएका भौतिक संरचनाहरु द्धन्दको कारण र मर्मत संरक्षणको अभावमा ध्वस्त भएका हुँदा भाल्चे गा.वि.स.मा घर भाडामा लिई कार्यालय संचालन गर्ने प्रयास गरिएको छ । २०६२ श्रावण देखि फार्मको कार्यालय विदुर न.पा.मा कोठा भाडा लिई संचालन हुँदै आएको छ ।

**(ख) समस्या तथा सवालहरु**

यस फार्मका समस्याहरु निम्न लिखित रहेका छन् ।

१. फार्मको विकासको लागि केन्द्रिय स्तरमा दीर्घकालीन कार्यक्रम तर्जुमा गर्ने तर्फ ध्यान नदिइएको ।
२. फार्मको स्वामित्वमा रहेका जग्गाहरु आवश्यक बजेटको अभावले गर्दा प्रयोगमा ल्याउन नसकिएको ।
३. फार्मको कार्य संचालन गर्न बनेका भवनहरु ध्वस्त भएका हुँदा घर भाडामा लिई बस्न पर्ने वाध्यताले गर्दा प्रभावकारी रुपमा कार्य गर्न अप्ठेरो परेको र साधारण खर्च बढ्न गएको ।
४. फार्म दुगर्म स्थानमा रहेकोले काम गर्ने कर्मचारीको लागि सहुलियत र भत्ताको व्यवस्था नहुँदा मनोवल उच्च रहन नसकेको ।
५. फार्ममा विभिन्न स्तहका आवश्यकता अनुसारको दरवन्दी नहुँदा प्रभावकारी रुपमा काम गर्न अप्ठयारो परेको ।
६. उन बिकीका लागि सुविधा नभएको ।

७. भेडापालक कृषकहरुलाई कार्पेट, व्याग, स्वेटर आदि सामान बुन्ने तालिमको व्यवस्था नभएको ।

**(ग) संभावना तथा अवसरहरु**

यस फार्ममा पर्याप्त जमिन रहेको र भेडापालक कृषकहरु भेडा पालनमा उत्सुक भएका हुँदा यो फार्म देशकै नमूना भेडा फार्मको रुपमा विकास हुने संभावना रहेको छ । फार्म स्थापना गर्दा उद्देश्य अनुरुप यस फार्मको लागि दीर्घकालीन कार्यकम बनाई अगाडी बढेमा कृषहरुको आय वृद्धि हुनाका साथै गलैंचा उत्पादनको लागि विदेशवाट आयत गरिने उनको परिमाण पनि कम गर्न सकिने देखिन्छ ।

## ५.२.२.८ मत्स्य विकास केन्द्र

### (क) केन्द्र स्थापनाको उद्देश्य र हालको स्थिति

जिल्लाको कृषि विकासको क्षेत्रमा मत्स्य विकास सानो परिमाणमा देखिए तापनि २०२८ सालमा यस नुवाकोट जिल्लामा चिसोपानीमा पाईने माछाको विकास तथा सम्बर्द्धन गर्ने हेतुले मत्स्य केन्द्र (ट्राउट ह्याचरीको नामाकरणबाट) को स्थापना भई मत्स्य विकास कार्यक्रम संचालन हुँदै आएको पाइन्छ । त्रिशुलीमा स्थापना गरिएको यो मत्स्य विकास केन्द्र समुन्द्र सतहवाट ६१० मिटर उचाइमा रहेको र यस्को क्षेत्रफल र हेक्टर रहेको छ । जलाशयको क्षेत्रफल २.५ हेक्टर छ यस केन्द्रको निम्न अनुसार उद्देश्यहरु रहेका छन् ।

- उच्च तथा मध्य पहाडी भेगका चीसो जलाशयमा मत्स्य पालन सम्बन्धी अनुसन्धानको योजना तर्जुमा गर्ने ।
- स्थानीय नदीनालामा पाइने माछाको संरक्षण सम्बर्धन एवं विकासको साथै चीसोपानीमा हुर्कने अन्य माछा पालनको प्रविधि विकास गरी राष्ट्रिय मत्स्य उत्पादनमा वृद्धि ल्याउने ।
- माछाकोलागि सस्तोमा प्रभावकारी दाना तयार गर्ने ।
- नदीनालाको उत्पादकत्व निर्धारण सम्बन्धी कार्यहरु गर्ने ।
- चीसोपानीको माछा पालन सम्बन्धी वैज्ञानिक तथ्यहरुको प्रसारण कृषक समक्ष पुऱ्याउने ।

यस केन्द्रले मत्स्य विकासको लागि माछाका भुराहरु उत्पादन गर्ने, प्रजननमा उन्नत प्रविधिको अनुसन्धान गर्ने, मत्स्य आहार सम्वधि प्रविधि विस्तार गर्ने, मत्स्य रोग तथा परजिवी सम्बधि अनुसन्धान गरी रोगको पहिचान तथा निराकरण गर्ने कायृ हुँदै आएको छ । जिल्लाको साथै सम्भाव्य क्षेत्रमा मत्स्य पालनको विस्तार हुन थालेको छ । यस जिल्लामा उपलब्ध जलाशयहरुको एकिन आंकडा थाहा नभए पनि प्राय चिसोपानी भएकोले माछा उत्पादन एवं विस्तारको प्रर्याप्त सम्भावना रहेको छ भने वजारको रुपमा काठमाण्डौ नजिकहुनु पर्यटकहरुको सत्कारकोलागि होटल रेष्टुराबाट माँग हुनु र राम्रो मूल्य पाउनुले चिसोपानीमा पाईने रेन्वोट्राउट माछाको विकास सम्भव देखिएको छ । यस स्थितिलाई दृष्टिगत गरी सरकारी फार्मबाट मात्र उत्पादित ट्राउट माछाले माँग पुरा गर्न नसक्ने हुँदा निजीस्तरमा उत्पादन कार्य विस्तार गर्ने उद्देश्य अनुरुप विगत ४ वर्ष देखि ककनी गा.वि.स. र मदानपुर गा.वि.स. का ४ कृषकहरु रेन्वोट्राउट माछाको उत्पादनमा संलग्न हुँदै आएको देखिन्छन् । भने कार्पजातका माछा (तातोपानीमा हुने माछा) धानखेत तथा पोखरीहरुमा पनि उल्लेखनीय रुपमा उत्पादन भई जिल्ला भित्र खपत भएको पाइन्छ । त्यस्तै उपलब्ध प्राकृतिक

जलाशय त्रिशुली नदी (लाङटाङ हिमाल र गोसाईकुण्डबाट आएको) तादीखोला र अन्य सहायक खोलाहरुमा जलारीहरुले स्थानीय माछा समाती दैनिक आफ्नो जिवीकोपार्जन गरिरहेको पनि देखिन्छ ।

जिल्लामा धान खेतीमा, पोखरीमा, नदीनाला तथा रिजर्भ भ्वायरमा माछा पाल्ने प्रचलन रहेको छ । त्यसमा रेन्वोट्राउट, कार्प, मागुर तथा सहर, असला, कत्ले जस्ता स्थानीय माछाहरु पाइने गरेको छ । निजीस्तरबाट धानखेतमा माछापालन गर्ने परम्परा कायमै रहेको देखिन्छ भने रेन्बोट्राउट उत्पादन सरकारी स्तरबाट वृद्धि नभएतापनि निजीस्तरबाट क्रमिक रुपमा बढदै गएको देखिन्छ । जिल्लामा रेन्वोट्राउट माछा पालनको पकेट क्षेत्र र विस्तार क्षेत्र तालिका ५.२५मा दिइएको छ ।

**तालिका ५.२५ : ट्राउट माछाको पकेंट र विस्तार क्षेत्र**

| क.सं. | क्षेत्र | संख्या | गा.विस./न.पा को नाम |
|---|---|---|---|
| १. | पकेट क्षेत्र | १५ गा.विस.<br>१ न.पा | विदुर नगरपालिका, खानीगाउं, तुप्चे, देउराली, बुङताङ, मदानपुर, ककनी, गणेशस्थान, गेर्खुटार, कल्याणपुर, चारघरे, खड्गभन्ज्याङ, तारुका, ओखरपौवा, सामरी, बेलकोट |
| २. | विस्तार क्षेत्र | ११ गा.विस. | चतुराले, कुमरी, जिलिङ, रातमाटे, सूर्यमती, समुन्द्रटार, बागेश्वरी, राउतबेंसी, कविलास, सुनखानी, थानसिङ |

श्रोत : मत्स्य विकास केन्द, त्रिशुली ।

## (ख) समस्या तथा सवालहरु

१. मत्स्य अनुसन्धान कार्यक्रममा दक्ष जनशक्ति अत्यन्तै न्यून रहेको हुंदा मत्स्य विकासका कतिपय प्राथमिक क्षेत्रहरुमा (मत्स्य सम्बन्धी) समेत अध्ययन अनुसन्धान कार्यहरु संचालन गर्न कठिनाई भैरहेको छ । मत्स्य अनुसन्धानका विभिन्न विषयहरुमा आवश्यकता अनुसार संतुलन कायम हुने गरी दक्ष जनशक्तिको विकास गर्नु पर्ने देखिन्छ ।

२. चिसोपानी तथा नदीनालाहरुमा विकास गर्न सकिने मत्स्य खेती प्रणाली सम्बन्धी अध्ययन अनुसन्धान कार्यहरु संचालन गर्न भौतिक साधन र स्रोतहरुको अभाव रहेको हुंदा उल्लेखनीय प्रविधिको विकास हुन सकिरहेको छैन । नदीनाला, जस्ता प्राकृतिक जलाशयहरुको उत्पादकत्व बढाई जिल्लाको मत्स्य उत्पादनमा अपेक्षित प्रगति हासिल गर्न आवश्यक देखिएको छ ।

३. मत्स्य अनुसन्धान केन्द्रको क्षमताको पूर्ण उपयोग हुन नसकेको र आवश्यक परीमाणमा भुरा उत्पादन गर्न नसकेको स्थिति रहेको छ ।

## (ग) संभावना तथा अवसरहरु

१. नुवाकोट जिल्लामा धेरै पाखा पखेरावाट चिसो पानी वग्ने हुँदा रेन्वो ट्राउट माछा पालन कार्य वयवसायिक रुपमा विस्तार गरी जिल्लाको गरिवी निवारणमा समेत ठूला टेवा पुऱ्याउन सकिने संभावना रहेको छ ।

२. सरकारले आ.वा. २०६३/६४ को बजेट कार्यक्रममा नुवाकोट जिल्लामा व्यवसायिक रुपमा ट्राउट माछा प्रर्वधन गर्ने उल्लेख गरेको हुँदा उपयुक्त क्षेत्रहरु माट्राउट माछा पालन वृद्धि हुने देखिएको छ ।

३. ट्राउट माछा पालनको प्रर्वधनवाट जिल्लामा “एक गााउ एक वस्तु” कार्यक्रम सफल पार्न महत्वपूर्ण टेवा दिन सक्ने छ ।

## ५.२.३. फलफूल तथा तरकारीको उत्पादन स्थिति

### ५.२.३.१ फलफूलको उत्पादन स्थिति

### (क) अमिलो जातको फलफूल

जिल्लामा अमिलो जातका फलफूलमा सुन्तला, जुनार, निवुवा, कागती आदि प्रमुख देखिन्छन् । यी विभिन्न अमिलो जातका फलफूलमा सवै भन्दा वढी सुन्तलाको उत्पादन हुने गरेको देखिन्छ । सुन्तलाको क्षेत्रफल २०५६/५७ मा ६७ हे. भएकोमा २०५७/५८ मा थोरै वृद्धि भई ७१ हे. र २०५८/५९ मा ७५ हे. पुगेको थियो । त्यसपछिका वर्षमा स्थिर रहने र घटने क्रम हुँदै २०६१/६२ मा ८५ हे. भएको देखिएको छ । उत्पादन भने न्यूनतम ५२८ मे.टन र अधिकतम ९६४ मे.टन को बिचमा रहने गरेको देखिन्छ ।

**तालिका ५.२६: फलफूल (अमिलो जात)को क्षेत्रफल तथा उत्पादन**

क्षेत्रफल : हेक्टर, उत्पादनः मेट्रिक टन

| बर्ष | विवरण | सुन्तला | मौसमी जुनार | निवुवा | कागती | अन्य |
|---|---|---|---|---|---|---|
| २०५६/०५७ | क्षेत्रफल | ६७ | ६.४ | २५.७ | ३.२ | ०.६ |
| | उत्पादन | ७३० | ६९ | १९८ | २.५ | ३.९ |
| २०५७/०५८ | क्षेत्रफल | ७१ | ७ | २७ | ३ | १ |
| | उत्पादन | ७७० | ७२ | २११ | २७ | ४ |
| २०५८/०५९ | क्षेत्रफल | ७५ | ७ | २९ | ४ | १ |
| | उत्पादन | ८३० | ७८ | २२७ | ३० | ५ |
| २०५९/०६० | क्षेत्रफल | ७५ | ७ | २९ | ४ | १ |
| | उत्पादन | ८३० | ७८ | २२७ | ३० | ५ |
| २०६०/०६१ | क्षेत्रफल | ५० | ९ | ४० | ४ | ० |
| | उत्पादन | ५२८ | १०० | ३४८ | ३१ | १ |
| २०६१/०६२ | क्षेत्रफल | ८५ | ९ | ३३ | ४ | १ |
| | उत्पादन | ९६४ | ९७ | २६५ | ३४ | ५ |

श्रोत : Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

सुन्तला पछिको दोश्रो स्थानमा निवुवा रहेको देखिएको छ । निवुवाले ढाकेको क्षेत्रफल र



उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ देखि २०६०/६१ सम्मका वर्षहरुमा वृद्धि हुने क्रम रहेको देखिन्छ ।

जिल्लामा जुनारले ओगटेको क्षेत्रफल र उत्पादन त्यति धेरै नभएता पनि फलफूल उत्पादनमा यसको आफ्नै विशेषता रहेको पाइएको छ । जुनारको क्षेत्रफल २०५६/५७ मा ६.४ हे.भएकोमा त्यसपछिका ३ वर्षहरुमा ७ हे.मा स्थिर रहेको र पछिल्लो २ वर्षहरुमा ९ हे.मा स्थिर रहेको देखिएको छ । जुनारको उत्पादन न्यूनतम ६९ मे.टन देखि १०० मे.टन सम्म हुने गरेको देखिन्छ ।

जिल्लामा कागतीले ओगटेको क्षेत्रफल ३ हे.देखि ४ हे. को बिचमा घटबढ हुने गरेको देखिएको छ । उत्पादन २५ मे.टन र ३४ मे.टन विचमा रहने गरेको देखिन्छ ।




## (ख) शितोष्ण (वर्षे) फलफूलको क्षेत्रफल र उत्पादन

जिल्लामा शितोष्ण (वर्षे) फलफूल जस्तै आँप, केरा, अम्वा, मेवा, रुखकटहर, भुईकटहर र लिची उत्पादन हुने गरेको देखिएको छ । यी फलफूलमा उत्पादन परिमाणको आधारमा सवै भन्दा वढी आँपको उत्पादन देखिएको छ भने दोश्रो स्थानमा केरा र तेश्रो स्थानमा अम्वाको उत्पादन देखिएको छ ।

जिल्लामा आँपको क्षेत्रफल र उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ मा केहि बढेको देखिएको छ । २०५८/५९ मा आँपले ढाकेको क्षेत्रफल बढेर १४२ हे. भएता पनि उत्पादन भने अधिल्लो वर्षको तुलनामा घटेको देखिएको छ । २०५९/६० आँपको क्षेत्रफल र उत्पादन अधिल्ला वर्षहरुको तुलनामा बढेको देखिएको छ भने २०६०/६१ मा क्षेत्रफल बढेको तर उत्पादन अधिल्लो वर्षको तुलनामा घटेको देखिएको छ । २०६१/६२ मा अधिल्लो वर्षकै १४९ हे.मा क्षेत्रफल स्थिर रहेको देखिएको छ भने उत्पादन १०४२ मे.टनवाट बढेर १३०४ मे.टन पुगेको देखिएको छ ।

जिल्लामा केराको क्षेत्रफल र उत्पादन खास घटबढ भएको देखिदैंन । क्षेत्रफल ४७ हेक्टर र ५१ हेक्टरको वीचमा रहेको देखिन्छ भने उत्पादन ६६७ मे.टन र ७२४ मे.टन को विचमा रहने गरेको देखिन्छ ।

**तालिका ५.२७ : शितोष्ण (वर्षे) फलफूलको क्षेत्रफल र उत्पादन**

क्षेत्रफल : हेक्टर उत्पादन: मेट्रिक टन

| बर्ष | विवरण | आँप | केरा | अम्बा | मेवा | रुखकटहर | भुइकटहर | लिची |
|---|---|---|---|---|---|---|---|---|
| २०५६/५७ | क्षेत्रफल | १२२ | ४७ | ४१ | ३० | २४ | १९ | २७ |
| | उत्पादन | ८३९ | ६६७ | ५०० | ४२९ | २६६ | २४३ | २१० |
| २०५७/५८ | क्षेत्रफल | १३० | ४८ | ४२ | ३१ | २४ | १९ | २९ |
| | उत्पादन | ११२५ | ६८२ | ५१२ | ४४३ | २६६ | २४३ | २२६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०५८/५९ | क्षेत्रफल | १४२ | ४९ | ४२ | ३२ | २४ | १९ | ३० |
| | उत्पादन | ९२२ | ६९६ | ५१२ | ४५७ | २६६ | २४३ | २३४ |
| २०५९/६० | क्षेत्रफल | १४६ | ४९ | ४२ | ३३ | २५ | १९ | ३२ |
| | उत्पादन | १२७८ | ६९६ | ५१२ | ४७२ | २७७ | २४३ | २५० |
| २०६०/६१ | क्षेत्रफल | १४९ | ५१ | ४२ | ३६ | २५ | १९ | २४ |
| | उत्पादन | १०४२ | ७२४ | ५१२ | ५१४ | २७७ | २४३ | २६५ |
| २०६१/६२ | क्षेत्रफल | १४९ | ५१ | ४२ | ३६ | २७ | १९ | ३५ |
| | उत्पादन | १३०४ | ७२४ | ५१२ | ५१४ | २९९ | २४३ | ५७३ |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

अम्वा तर्फ २०५६/५७ को तुलनामा २०५७/५८ मा क्षेत्रफल र उत्पादनमा थोरै बढेको देखिएको छ । यस पछिका वर्षहरुमा भने क्षेत्रफल ४२ हे.मा र उत्पादन ५१२ मे.टन मा स्थिर रहेको पाइएको छ । मेवाको क्षेत्रफल र उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ मा थोरै बढेको देखिएको छ भने यस पछिका वर्षहरुमा क्षेत्रफल र उत्पादन दुवै सीमान्त रुपमा वृद्धि हुँदै गएको देखिएको छ ।




रुखकटहरुको क्षेत्रफल र उत्पादन २०५६/५७ देखि २०५८/५९ सम्म प्रत्येक वर्ष क्रमशः २४ हे. र २६६ मे.टन मा स्थिर रहेको देखिएको छ भने २०५९/६० मा अधिल्लो वर्षको तुलनामा क्षेत्रफल र उत्पादनमा सीमान्त वृद्धि भएको छ । २०६०/६१ मा क्षेत्रफल र उत्पादन दुवै अधिल्लो वर्षको स्थितिमा स्थिर रहेको छ । २०६१/६२ मा क्षेत्रफल र उत्पादन दुवैमा केही वृद्धि भएको देखिएको छ । भुईकटहरको क्षैत्रफल र उत्पादन २०५६/५७ देखि २०६१/६२ सम्म क्रमशः १९ हे. र २४३ मे.टनमा स्थिर रहेको देखिन्छ । जिल्लामा लिचीको क्षैत्रफल र उत्पादन २०५६/५७ देखि २०६१/६२ सम्म सीमान्त रुपले वृद्धि हुँदै गएको देखिन्छ ।

### (ग) हिउँदे पतझर फलफूल

जिल्लामा हिउँदे पतझर फलफूल स्याउ, नासपाती, ओखर, आरु आदि उत्पादन हुने गरको देखिएको छ । यी फलफूलमा सवै भन्दा बढी क्षेत्रफल र उत्पादन नासपातीको छ भने दोश्रो स्थानमा आरु रहेको देखिएको छ ।

**तालिका ५.२८ : पतझर हिउँदे फलफूल**

क्षेत्रफल : हेक्टर, उत्पादनः मेट्रिक टन

| बर्ष | विवरण | स्याउ | नासपाती | ओखर | आरु | आरुवखडा | खुर्पानी | अनार |
|---|---|---|---|---|---|---|---|---|
| २०५६/५७ | क्षेत्रफल | १८ | ८७ | ७ | ४५ | ३१ | १ | २ |
| | उत्पादन | १६४ | १०३२ | २२ | ३२९ | २३२ | ७ | १० |

| बर्ष | विवरण | स्याउ | नासपाती | ओखर | आरु | आरुवखडा | खुर्पानी | अनार |
|---|---|---|---|---|---|---|---|---|
| २०५७/५८ | क्षेत्रफल | १८ | ९४ | ६ | ६१ | ६६ | १ | २ |
| | उत्पादन | १६४ | ११३३ | १९ | ४४५ | ४९५ | ७ | १० |
| २०५८/५९ | क्षेत्रफल | १८ | ९१ | ८ | ४७ | ३३ | १ | २ |
| | उत्पादन | १६४ | १११० | २५ | ३४३ | २४८ | ७ | १० |
| २०५९/६० | क्षेत्रफल | १८ | ९२ | ८ | ४७ | ३३ | १ | २ |
| | उत्पादन | १६४ | ११२२ | २५ | ३४३ | २४८ | ७ | १० |
| २०६०/६१ | क्षेत्रफल | १८ | ९४ | ८ | ४७ | ३३ | १ | २ |
| | उत्पादन | १६४ | ११७५ | २५ | ३४३ | २४८ | ७ | १० |
| २०६१/६२ | क्षेत्रफल | १८ | ९४ | ८ | ४७ | ३३ | १ | २ |
| | उत्पादन | १६४ | १२०३ | २५ | ३४३ | २४८ | ७ | १० |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

जिल्लामा स्याउको क्षेत्रफल र उत्पादन २०५६/०५७ देखि २०६१/०६२ सम्म क्रमशः १८९ हे. र १६४ मे.टनमा स्थिर रहेको देखिन्छ । नासपातीको क्षेत्रफल र उत्पादन २०५६/०५७ मा क्रमशः ८७ हे. र १०३२ मे.टन भएकोमा त्यस पछिका वर्षहरुमा क्षेत्रफल ९१ हे. र ९४ हे. बिचमा रहेको र उत्पादन ११०० मे.टन भन्दा केही बढी रहेकोमा २०६१/६२ मा १२०० मे.टन पुगेको देखिएको छ ।




ओखरको क्षेत्रफल र उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ मा घटेको देखिएको छ भने २०५८/५९ देखि २०६१/६२ मा सम्म क्षेत्रफल ८ हे. र उत्पादन २५ मे.टनमा स्थिर रहेको छ ।




आरुको क्षेत्रफल र उत्पादन २०५६/५७ को तुलनामा २०५७/५८ मा वृद्धि भएको तर २०५८/५९ मा घटेकोमा देखिएको छ । क्षेत्रफल र उत्पादन २०५८/५९ देखि २०६१/६२ सम्म प्रत्येक वर्ष क्षेत्रफल ४७ हे. र उत्पादन ३४३ मे.टन रहेको परिवर्तन भएको देखिदैन ।

आरुवखडाको क्षेत्रफल र उत्पादन पनि २०५६/५७ को तुलनामा २०५७/५८ मा वृद्धि भएको र २०५८/५९ मा घटेको देखिएको छ । यो फलफूलको क्षेत्रफल र उत्पादन २०५८/५९ देखि

२०६१/६२ सम्म क्रमश: ३३ हे. र उत्पादन २४८ मे.टनमा रहेको छ र खुर्पानी र अनारको क्षेत्रफल र उत्पादनमा ज्यादै न्यून २०५६/५७ देखि २०६१/६२ सम्म कुनै घट्बढ भएको देखिदैन ।

## (घ) जिल्लाको फलफूलको कूल उत्पादन




जिल्लाको फलफूलको कूल उत्पादन परिमाण हेर्दा उत्साहजनक देखिन्छ । फलफूलले ढाकेको क्षेत्रफल २०५६/५७ देखि २०६१/६२ सम्मको अवधिमा बढ्दै गएको देखिन्छ भने उत्पादन पनि २०६०/६१ वाहेक अन्य वर्षहरुमा वृद्धि हुँदै गएको देखिन्छ । उत्पादकत्व सालाखाला १० हजार के.जी./हे. रहेको देखिन्छ ।

**तालिका ५.२९ : कूल फलफूल उत्पादन**

क्षेत्रफल: हे., उत्पादन : मे.टन, उत्पादकत्व : के.जी./हे.

| विवरण | ०५६/५७ | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१ | ०६१/६२ |
|---|---|---|---|---|---|---|
| क्षेत्रफल | ६०४ | ६२८ | ६५३ | ६६२ | ६६२ | ६९३ |
| उत्पादन | ५५७६ | ६४३२ | ६३९६ | ६८१४ | ६५९७ | ७२३६ |
| उत्पादकत्व | ९२३२ | १०२४२ | ९७९५ | १०२९३ | ९९६५ | १०४४२ |

श्रोत: Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

जिल्लामा कृषि बाली, तरकारी, फलफुल ,चिया कफी लगाइने गरेका गा.वि.स.हरुनै यी कृषि वस्तु विस्तार गर्न सकिने संभाव्य स्थलहरु हुन् ।

### ५.२.३.२ तरकारीको उत्पादन स्थिति

जिल्लामा उल्लेखनीय रुपमा तरकारी उत्पादन हुने गरेको देखिएको छ । विगतका वर्षहरुमा तरकारीले ढाकेको क्षेत्रफल र उत्पादन दुवै वृद्धि हुँदै गएको देखिएको छ ।

**तालिका ५.३० : तरकारीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

क्षेत्रफल: हे., उत्पादन : मे.टन, उत्पादकत्व : के.जी./हे.

| विवरण | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ |
|---|---|---|---|---|---|---|
| क्षेत्रफल | ९५० | २००५ | २००५ | २०१४ | १९७० | ३३१५ |
| उत्पादन | ८०७५ | १८०४५ | १८०४५ | १८१२६ | १८१४५ | २१९९० |
| उत्पादकत्व | ८५०० | ९००० | ९००० | ९००० | ९२११ | ९४९९ |

२०५६/५७ मा तरकारीको क्षेत्रफल ९५० हेक्टर र उत्पादन ८०७५ मे.टन



भएकोमा २०५७/५८ मा धेरै ठूलो वृद्धि भई क्रमशः २००५ हेक्टर र १८०४५ मे.टन पुगेको थियो । २०५८/५९ मा क्षेत्रफल र उत्पादन दुवै २०५७/५८ कै स्थितिमा स्थिर रहयो त्यसपछिका वर्षहरुमा क्षेत्रफल र उत्पादनमा उल्लेखनीय परिवर्तन नभएको तर २०६१/६२ मा क्षेत्रफल ३३१५ हेक्टर र उत्पादन २१९९० मे.टन रहेको देखिएको छ । उत्पादकत्व तर्फ २०५७/५८ मा केही वृद्धि भई ९००० के.जी./हे. भएकोमा २०६०/६१ सम्म कुनै परिवर्तन नभएको तर २०६१/६२ मा बढेर ९४९९के.जी./हे. पुगेको देखिन्छ ।

## ५.२.४ कृषि भूमिको आकार तथा स्वामित्व स्थिति

जिल्लामा जग्गा बिहिन तथा कृषि भूमि ०.२५ हेक्टर भन्दा कम क्षेत्रफल हुने घर परिवार १०.३० प्रतिशत रहेको देखिएको छ । यस्ता घर परिवार लाई कृषि मजदुरको रुपमा लिइएको छ । दश प्रतिशत घर परिवार सँग चौथाई हेक्टर भन्दा कम जमिन वा भूमिहिनताको स्थिति रहेकोले यिनीहरुको निमित्त वार्है महिना खान पुग्ने अवस्थामा पुऱ्याउन रोजगारी अभिवृद्धि हुने किसिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ । ०.२५ देखि १ हेक्टर कृषि भूमि माथि स्वामित्व रहेका कृषक घर परिवार लाई साना कृषकको रुपमा लिइएको छ र कुल कृषक संख्यामा साना कृषक ६६.२६ प्रतिशत रहेको देखिएको छ । मझौला कृषक घर परिवार २२.८ प्रतिशत रहेको देखिएको छ भने यी मझौला कृषक घर परिवारको ४७.४ प्रतिशत कृषि भूमि माथि स्वामित्व रहेको देखिएको छ । दुई तिहाई भन्दा वढी परिवार साना किसानको कोटीमा रहेबाट कृषि कार्यक्रम संचालन गर्दा छिटो प्रतिफल प्राप्त हुने किसिमका कार्यक्रममा जोड दिनु पर्ने देखिन्छ । साना र मझौला किसान ८३ प्रतिशत रहनु कृषि जमिनको उपयोगीताको निम्ति उत्पन्न सकारात्मक पक्ष हो । तसर्थ यी समूहमा निर्वाहमुखी खेती प्रणालीको सट्टा व्यवसायिक कृषि प्रणाली तर्फ उन्मुख गराउनु पर्ने देखिन्छ । जिल्लामा ४ देखि १० हेक्टर कृषि भूमि माथि स्वामित्व हुने कृषक परिवार ०.४७ प्रतिशत रहेको देखिएको छ । यी ठूला कृषक घर परिवारले २.९ कृषि भूमि माथि स्वामित्व जमाएको देखिएको छ ।

**तालिका ५.३१ : कृषि भूमिको स्वामित्व तथा आकार**

(हेक्टरमा)

| भूमिको आकार | क्षेत्रफल | | | कृषक परिवार % | कैफियत |
|---|---|---|---|---|---|
| | खेत | पाखो | जम्मा | | |
| जग्गा विहिन तथा ०.२५ हे. भन्दा कम | ११२.६ | ४२१.४ | ५३४ | १०.३० | कृषि मजदुर |
| ०.२५ हे.देखि ०.५ हे. | १५९३.६ | २८४६.३ | ४४३९.९ | ३०.१० | साना किसान |
| ०.५ देखि १ हे. | ४९१२.४ | ५९९१.९ | १०९०४.३ | ३६.१६ | |
| १ हे.देखि २ हे. | ५१८३.८ | ५४२०.० | १०६०८.८ | १८.७५ | मझौला किसान |
| २ हे.देखि ३ हे. | १९०७.० | १६०४.६ | ३५११.६ | ३.४७ | |
| ३ हे.देखि ४ हे. | ५७०.७ | ४६३.२ | १०३३.९ | ०.७५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ हे.देखि ५ हे. | ४८७.३ | २९८.५ | ७८५.८ | ०.४० | ठूला किसान |
| ५ हे.देखि १० हे. | १३२.६ | ३.५ | १३६.१ | ०.७० | |
| १० हे. भन्दा माथि | - | - | - | - | |
| जम्मा | १४९०५ | १६६२८ | ३१९५४.४ | | |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, १९९३ ।

## ५.२.५ मलखाद, उन्नत विज तथा कृषि ऋणको आपूर्ति

### ५.२.५.१ रासायनिक मलखाद

जिल्लामा विभिन्न किसिमका रासायनिक मलखाद, यूरिया, डि.ए.पि., पोटास र सल्फेटको आपूर्ति तथा उपयोग हुने गरेको देखिएको छ । यो जिल्ला काठमाण्डौ जिल्ला सँगै जोडिएको हुँदा काठमाण्डौबाट नजिक पर्ने गा.वि.स. का कृषकहरुले रासायनिक मलखाद काठमाण्डौंवाटै लैजाने गरेको हुँदा जिल्लाबाट प्राप्त रसायनिक मलखादको आपूर्ति तथा उपयोगको तथ्याङ्कले यर्थाथ चित्रण हुन नसक्ने भएता पनि मोटा मोटी झलक प्रस्तुत गर्ने ठानिएकोछ ।

**तालिका ५.३२ : रासायनिक मलखादको विक्रि विवरण**

(मे.टनमा)

| आ.व. | युरिया | डि.ए.पि. | पोटास | सल्फेट | जम्मा |
|---|---|---|---|---|---|
| २०५६/०५७ | १३२.७ | ६९३.४ | १२.९ | १०००.० | २१३८.९ |
| २०५७/०५८ | ५४७.९ | ५२६.३ | १९.४ | - | ५९०.२ |
| २०५८/०५९ | १६०.४ | २१७.० | १०.९ | - | ४४२.३ |
| २०५९/०६० | १३९२.८ | ५१७.८ | १४.१ | - | १९२४.७ |
| २०६०/०६१ | २५.७ | ८३.९ | १४.९ | - | १२४.५ |
| २०६१/०६२ | १००.० | १७६.१ | | - | २७६.१ |

श्रोतः Statistical Information on Nepalese Agriculture, 2056/57 -2061/62 , कृषि तथा सहकारी मन्त्रालय, काठमाण्डौं ।

जिल्लामा रासायनिक मलको कुल आपूर्ति तथा उपयोग २०५६/५७ को तुलनामा २०५७/५८ र २०५८/५९ मा एकदमै घटेको देखिएको छ भने २०५९/६० मा अत्यधिक रुपमा बृद्धि भएको देखिएको छ । तर २०६०/६१ मा अघिल्लो बर्षको तुलनामा आपूर्ति तथा उपयोग ठूलो परिमाणमा घटेको देखिएको छ, साथै २०६१/६२ मा केही वढे पनि २०५६/५७ र २०५९/६० को तुलनामा एकदमै कम रहेको छ ।

### ५.२.५.२ उन्नत बीउ विजनको आपूर्ति

जिल्लामा उन्नत वीउ विजन कृषि सामाग्री संस्थान र नीजी श्रोतबाट आपूर्ति हुने गरेको देखिएको छ । उन्नत वीउ विजनको आपूर्तिमा निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहेको देखिएको छ । वेमौसमी तरकारी र फलफुल उन्नत बिउको प्रयोग गरेको देखिन्छ । त्यस्तै धान, मकै, गहुँ, आलु

जस्ता प्रमुख वालीमा पनि उन्नत विउ प्रयोग भएको देखिन्छ । दलहन, कोदो, जौ, जस्ता वालीमा भने स्थानीय बिउकै प्रगोग भएको देखिन्छ । जिल्लामा उन्नत जातका विउको प्रशस्त माँग रहेको हुँदा किसानहरुलाई उन्नत विउ विजन उत्पादनमा प्रोत्साहित गराउन सकिन्छ ।

### ५.२.५.३ कृषि ऋणको आपूर्ति

जिल्लामा विभिन्न कृषि वाली तथा कृषि सम्बन्धि कार्यक्रमको लागि कृषि विकास बैंकबाट ऋाण प्रवाह हुने गरेको छ ।

**तालिका ५.३३ : कृषि विकास बैंकको लगानी र असुली विवरण**

(रु. हजारमा)

| उद्देश्य | २०५७/५८ | | | २०५८/५९ | | | २०५९/६० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लगानी | असुली | भा.ना. | लगानी | असुली | भा.ना. | लगानी | असुली | भा.ना. |
| खाद्यान्न वाली | २८१९ | २१३० | ११९५४ | ३९३७ | ३८७८ | १०३२२ | ४३८५ | ३९७० | ९७४४ |
| नगदे वाली | ३२५७ | १९०८ | ६३९७ | ३८०९ | ३०६१ | ६६३१ | ५३९५ | ४०५९ | ६४४२ |
| विशेष वाली | ३०१९ | २०२० | ५७८३ | ३२८४ | ३३१२ | ५२६६ | ३६५४ | २८६७ | ५४३६ |
| कृ.सा.वे.वि. | १७८२६ | १४८५० | ७२०३ | १६४२८ | १४६१५ | ८५९२ | १७३२२ | १४६८७ | १०२८४ |
| कृषि औजार | ९० | १०२ | २५८५ | ४६ | ५६५ | २२९८ | ८९ | २४३ | २०४४ |
| सिंचाई | २२३ | २२६ | २६१४ | ३३७ | ५२८ | २३७३ | ३३९ | २८४ | २२९७ |
| बायो ग्यास | १५०७ | १०८३ | २८७९ | १२९३ | १४०१ | २९५४ | ११२४ | १४१२ | ३०९१ |
| जग्गा विकास | २० | १० | १९६९ | ९० | ५४ | २१६० | ७२ | १८ | २१५८ |
| बैदेशिक रोजगार | | | | | | | | | |
| घरेलु उद्योग | ७२८६ | ६४३६ | ६०३४ | ७७९१ | ५८७६ | ७५१० | ६७८७ | ५७९० | ७९९१ |
| गैह्र कृषि | | | | | | | | | |
| कृषि व्यवसाय | ८८९५ | ४९३७ | २९५२६ | ९०८९ | ८०२९ | २८८८१ | ९७३५ | ८१६२ | २९५५३ |
| फलफूल खेती | २०३ | ५२४ | १०९१ | २४५ | ३४७ | ९४५ | १४७ | २६९ | ८५० |
| चिया, कफी | | | | ३०० | | | १२५ | १ | |
| पुष्प व्यवसाय | | | | | | | | | |
| कुल जम्मा | ४५१४५ | ३४२२६ | ७८०३४ | ४६६४९ | ४१६६६ | ७७९३२ | ४९१७४ | ४१८६२ | ७९८९० |

**(रु. हजार)**

| उद्देश्य | २०६०/६१ | | | २०६१/६२ | | | २०६२/६३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लगानी | असुली | भा.ना. | लगानी | असुली | भा.ना. | लगानी | असुली | भा.ना. |
| खाद्यान्न वाली | ४९७८ | ४२२९ | ८४७१ | ४२०४ | ५०६४ | ८७०२ | १०२६ | १५१८ | १९९६ |
| नगदे वाली | ५३४६ | ४७७५ | ६५०५ | ५७५९ | ४५४३ | ६६०८ | २८४६ | २१६० | २१९४ |
| विशेष वाली | ४१३८ | २९१० | ५९७५ | ३२५७ | ३७६५ | ५२२७ | ११४७ | १४६० | १७३४ |
| कृ.सा.वे.वि. | १४४३८ | १३०५८ | ८८२७ | १५८२६ | १५९५५ | १४५२१ | ८८२७ | ८८०६ | ७३०८ |
| कृषि औजार | ४७ | २०८ | १८७३ | १९ | २९९ | १६६७ | ९० | १०२ | ६७९ |

| उद्देश्य | २०६०/६१ | | | २०६१/६२ | | | २०६२/६३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लगानी | असुली | भा.ना. | लगानी | असुली | भा.ना. | लगानी | असुली | भा.ना. |
| खाद्यान्न वाली | ४९७८ | ४२२९ | ८४७१ | ४२०४ | ५०६४ | ८७०२ | १०२६ | १५१८ | १९९६ |
| सिंचाई | १७० | ८१२ | १६९५ | २५० | ६३७ | १६०१ | २३४० | २९९ | ७४९ |
| बायो ग्यास | | ९३२ | १७०७ | | ८३५ | ४००९ | – | ४३० | २०९८ |
| जग्गा विकास | १५ | १८३ | २०९७ | ११५ | ८२ | २०६२ | १८५ | ६३ | १८२२ |
| बैदेशिक रोजगार | | | | | | | – | ३० | – |
| घरेलु उद्योग | ६३२६ | ५७८० | ७११३ | ४४७९ | ३७९२ | ३१९२ | १७१ | ४३२ | २४३४ |
| गैह्र कृषि | | | | ३१८६ | ११८२ | | ५९६३ | ५१३२ | १३ |
| कृषि व्यवसाय | ९२९९ | १७०१६ | २१३०३ | ९२४७ | १०१०२ | २०८५० | ३०२६ | ५८९५ | १०७२५ |
| फलफूल खेती | ६३ | १२७ | ८२३ | ९५ | २५८ | ८९९ | १५ | २०१ | ४६० |
| चिया, कफी | | | १०३० | ४५ | | २२७० | – | १ | ७८५४ |
| पुष्प व्यवसाय | | | | २०० | २०० | | – | | – |
| जम्मा | ४४८२० | ५००३० | ६८४१९ | ४६६८२ | ४६६७४ | ७१६०८ | २३४५० | २६५२९ | ४००६८ |

*श्रोत : कृषि विकास बैंक ।*

कृषि विकास बैंक वाट क्षेत्रमा गरिएका लगानीको स्थिति विश्लेषण गर्दा २०५६/५७ को तुलनामा २०५७/५८ र २०५८/५९ मा लगानी घटेको देखिएको छ । तर यो लगानी २०५९/६० बृद्धि भएको देखिएको छ भनें त्यसपछिका वर्षहरुमा घटने बढ्ने क्रम देखिन्छ । ऋण लगानी गरिएका विभिन्न क्षेत्रहरु मध्ये सवै भन्दा बढी (एक तिहाइ भन्दा केही बढी) कृषि उपज वेच विखनमा गरेको देखिएको छ भने दोस्रो ऋण लगानी गरिएको क्षेत्र पशु व्यवसाय (२० प्रतिशत) देखिएको छ । प्रत्येक बर्ष भाखा नाघेको ऋणको रकम लगानी गरेको रकम भन्दा बढी देखिएको छ ।

## ५.२.६ कृषि उपज भण्डारणको सुविधाको स्थिति

जिल्लामा प्रशस्त खाद्यान्न उत्पादन हुने र जिल्लाको आवश्यकता पुगेर पनि खाद्यान्न वचत हुने जिल्ला देखिएको छ । साथै विभिन्न किसिमका फलफूल तथा तरकारीको पनि यस जिल्लामा प्रशस्त उत्पादन हुने गरेको देखिन्छ । तर जिल्लामा कृषि उत्पादन भण्डारणको लागि व्यवस्थित सुविधा छैन, गोदाम तथा भण्डारको स्थिति नाजुक रहेको छ । जिल्लामा खाद्य संस्थान र कृषि सामाग्रीको गोदाम बाहेक निजी तथा सरकारी क्षेत्रबाट खाद्यान्न भण्डार र शित भण्डारको निर्माण हुन सकेको छैन । कृषि उत्पादन विक्री गर्नु पूर्व कृषकहरुले आफूले उत्पादन गरेका कृषि उपज परम्परागत रुपमा भण्डारण गर्ने गरेको र यसरी भण्डारण गर्दा कृषि उपजको क्षति बढी हुने गरेको छ । जिल्लामा खाद्यान्न, फलफूल, तरकारी, नगदेवाली आदिको उत्पादन परिमाण हेर्दा कृषि उत्पादन भण्डारको टडकारो आवश्यकता देखिएको छ । यसकारण कृषि उपजको भण्डारणको लागि निजी तथा सरकारी क्षेत्रबाट गोदाम तथा शीत भण्डारहरुको निर्माण गर्नु देखिएको छ । यसका लागि उपयुक्त नीति तथा कार्यक्रमहरु बनाई कार्यान्वयन गराउन आवश्यक देखिएको छ ।

## ५.२.७ कृषि बजार सुविधा

कृषि उत्पादन बृद्धिका लागि बजार सुविधाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कृषि बजारको सुविधा नभएमा अपेक्षित रुपमा कृषि उत्पादन बृद्धि गर्न सकिने सम्भावना रहदैन । नुवाकोट जिल्ला कृषि उपजको उत्पादनको दृष्टिकोणले निकै अगाडि रहेता पनि जिल्लामा कृषि बजार केन्द्र (थोक, खुद्रा) को स्थापना तथा विकास भएको देखिदैन । साथै कृषकहरुको नजिक भएको पहिलो तहको बजारको रुपमा संचालन हुने हाट बजारहरु पनि विभिन्न कारणले गर्दा व्यवस्थित रुपले संचालन हुन सकिरहेका छैनन् । स्थनीय हाट बजारमा आधारभूत भौतिक सुविधाको कमी, वाटो घाटोको असुविधा/गोदाम तथा भण्डारण सुविधाको अभाव आदिले गर्दा कृषकहरुलाई आफुले उत्पादन गरेको कृषि उपज बेच विखन गर्न समस्या परेको देखिएको छ ।

जिल्लामा साप्ताहिक हाट बजार लाग्ने व्यवस्था हुन सकेको पाइदैन । विदुर नगरपालिका क्षेत्रभित्र कृषि जन्य पदार्थ, फलफुल, तरकारी, जस्ता सामग्री विक्रि गर्ने स्थायी पसलहरु रहेका छन् । अन्य सहायक राजमार्गका वजारहरुमा ठेलामा फलफुल, तरकारी राखी विक्रि गर्ने प्रचलन पाइन्छ । जिल्लामा अवस्थित मुख्य बजारहरु, तिनीहरुको सदरमुकामबाट रहेको दुरी तथा ती बजारहरुमा पायक पर्ने गा.वि.स.हरुको विवरण तालिका ५.३४ मा दिइएको छ ।

**तालिका ५.३४ : मुख्य बजारहरु र सदरमुकामबाट दुरी**

| क.सं. | बजारको नाम | सदरमुकाम बाट दुरी | | पायक पर्ने गा.वि.स. |
|---|---|---|---|---|
| | | कोश | कि.मि. | |
| १ | गल्छी | | २५ | रातमाटे, तारुका, बुधसिङ, दुईपिपल |
| २ | देउराली | ३ | | बुङताङ, बर्सुन्चेत |
| ३ | सामरी | ४.५ | | देउराली, बर्सुन्चेत |
| ४ | देवीघाट | | ११ | जिलिङ, खड्गभन्ज्याङ, चारघरे, वि.न.पा. |
| ५ | जुरेथुम | | ३५ | ककनी, बेलकोट, मदानपुर |
| ६ | रानीपौवा | | ५० | बेलकोट, ककनी, मदानपुर |
| ७ | ढिकुरे | | ६ | चौघडा, खानीगाऊ, थानसिङ |
| ८ | छहरे | ४.५ | | थानापति, कविलास, थानसिङ |
| ९ | चौघडा | ४ | | चौघडा, थानसिङ, गणेशस्थान |
| १० | माछापोखरी | ५ | | चौघडा, गणेशस्थान, हल्देकालिका |
| ११ | आंप्रह | ७ | | कविलास, पञ्चकन्या, खरानीटार, रालुका |
| १२ | सोले | | ६ | गेर्खु, तुप्चे |
| १३ | समुन्द्रटार | ११ | | समुन्द्रटार, बालकुमारी, राउतबेंसी |
| १४ | वेत्रावती | | ७ | गेर्खु, तुप्चे, मनकामना, फिकुरी |
| १५ | रामती | ११ | | समुन्द्रटार, शिखरवेंसी |
| १६ | बट्टार | | वि.न.पा. | सदरमुकाम वरपर करिब ज्ञण गा.वि.स. |
| १७ | त्रिशुली | | ,, | ,, |
| १८ | विदुर | | ,, | ,, |

| | | | | |
|---|---|---|---|---|
| १९ | ढुङ्गे | | ,, | ,, |
| २० | हात्तिगौडा | | ,, | कल्याणपुर, देउराली |
| २१ | बगुवा | | ,, | वि.न.पा. |
| २२ | राइसिङ | | १ | तुप्चे |
| २३ | नुवाकोट | | ४ | वागेश्वरी |
| २४ | चोकदे | | १८ | वागेश्वरी |
| २५ | ककनी | | ४३ | ककनी |

*श्रोत : जिल्ला विकास समिति, नुवाकोट ।*

यसै गरी जिल्लाका ग्रामीण बजार र तिनीहरुले सेवा पु¥याएका गा.वि.स. (hinter land) हरुको विवरण तालिका ५.३५ मा दिइएको छ ।

**तालिका ५.३५ :स्थानीय बजारबाट सेवा पु¥याइएका गा.वि.स. हरुको विवरण**

| क.स. | ग्रामिण बजारको नाम | सेवा पु¥याएका गा.वि.स. | सेवा पु¥याएको अनुमानित जनसंख्या |
|---|---|---|---|
| १ | गल्छी | दुइपिपल, तारुका, बुधसिङ, रातमाटे | १२१०० |
| २ | कोल्पुटार | दुइपिपल, तारुका, बुधसिङ, रातमाटे | |
| ३ | तारुकाघाट | तारुका, बुधसिङ, रातमाटे | |
| ४ | महादेव फाँट | बुधसिङ, रातमाटे | |
| ५ | देवीघाट | बुधसिङ, रातमाटे, जिलिङ, खड्गभञ्ज्याङ, चारघरे | |
| ६ | जुरेथुम | ककनी, वेलकोट, मदानपुर | |
| ७ | रानीपौवा | ककनी, चतुराले, मदानपुर | १२५०० |
| ८ | बाराहीथान | मदानपुर | ३५०० |
| ९ | टिकुरे | वागेश्वरी, खानीगाउँ, चौघडा, सुर्यमती | १७४३८ |
| १० | माछापोखरी | गणेशस्थान, चौघडा | १२४३२ |
| ११ | चौघडा | थानसिङ, गणेशस्थान, चौघडा | ९४३८ |
| १२ | छहरे | थानापती, थानसिङ | ७५६९ |
| १३ | सत्तरी | सुनाखानी, भद्रुटार, थानापती | ६१५५ |
| १४ | सिवालय | लिखु, महाकाली, सिके, समुन्द्रादेवी | १०३४८ |
| १५ | आप्रह | पन्चकन्या, खरानीटार, कविलास | ७५०० |
| १६ | सातवीसे | सुन्दरा देवी, समुन्द्रटार, थप्रेक | ४८०० |
| १७ | समुन्द्रटार | वालकुमारी, राउतबेशी, समुन्द्रटार | ६५०० |
| १८ | रामति | शिखरवेशी, समुन्द्रटार | ३८०० |
| १९ | सोले | मनकामना, तुपचे, गेर्खु | ९३४० |

| क.स. | ग्रामिण बजारको नाम | सेवा पुऱ्याएका गा.वि.स. | सेवा पुऱ्याएको अनुमानित जनसंख्या |
|---|---|---|---|
| २० | सातदोबाटो | फिकुरी, काउले, मनकामना | ७५३८ |
| २१ | बेत्रावती | फिकुरी, मनकामना, गेर्खु | ६४३० |
| २२ | देउराली | बुङताङ, देउरीी, किम्ताङ, बर्सुन्चेत, साल्मे | ८४५० |
| २३ | राइसी | वि.न.पा., कल्याणपुर | ५५०० |
| २४ | सामरी | कल्याणपुर, दाङसिङ, सामरी | ३४४० |
| २५ | चागते | लच्याङ वागेश्वरी | ७५८० |
| २६ | नुवकोट | वागेश्वरी, वि.न.पा. खानीगाउँ | १६२० |
| २७ | फलाटे | बागेश्वरी | १८४० |
| २८ | डेउडी | कल्याणपुर, सामरी | २०१० |
| २९ | भऱ्याङभुरुङ | सामरी, दाङसिङ | ६४४० |
| ३० | चिउरी भञ्ज्याङ | बुङताङ, देउराली, किम्ताङ, साल्मे, बर्सुन्चेत | ६४४० |

*श्रोत :जिल्ला कृषि विकास कार्यालय, नुवाकोट २०५८ ।*

## ५.२.८ सिंचित क्षेत्र तथा सिंचाई प्रणाली

जिल्ला कृषि विकास कार्यालय नुवाकोटवाट २०६२/६३ मा प्रकाशित तथ्यांक पुस्तिका अनुसार जिल्लामा खेती गरिएको जग्गा ४५२४२ हेक्टर रहेको छ । सिंचाईको हकमा कूल खेती गरिएको जग्गा मध्ये ७४६३ हेक्टर (१६.५ प्रतिशत) मात्र वर्ष भरी सिंचित हुने, ८३९१ हेक्टर (१८.५ प्रतिशत) मौसमी सिंचित हुने र बाँकी २९३८८ हेक्टर (६५.० प्रतिशत) आकाशे भरमा रहेको छ । वर्षै भरी सिंचाई हुने जमिन मध्ये ४२७५ हेक्टर सिंचित हुने कुलोको निर्माण सरकारी स्तरवाट, ३०९३ हेक्टर सिंचाई हुने कूलो परम्परागत एवं जनताका आफ्नै मिहेनतवाट निर्माण भएका छन् भने बाकी १०० हेक्टर सिंचाई गर्ने कूलो साना सिंचाईवाट निर्माण भएका छन् ।

जिल्लामा खेती योग्य धेरै ठूलठूला टार र फाँटहरु रहेका छन् । यिनमा पिपलटार, रातमाटेटार, खेर्गुटार, दर्शनटार, समुन्द्रटार, खरानीटार, महादेवफाँट, काशीफाँट, शिरखाली फाँट, वेलकोट फाँट, घोडेघाट फाँट, सिधुरेफाँट, ढाडफेदी फाँट, गणखार फाँट, सिमरा फाँट, लब्धी ढीकुरे फाँट, चौघडा फाँट, थानसिङ फाँट, छत्रे फाँट, सत्तरी फाँट चाउथे फाँट, सुंगुरे फाँट, शिखरवेशी फाँट, रालुका फाँट, बुहुनेवेशी आदि प्रमुख रहेका छन् । यी टार र फाँट मध्ये केहिमा सिमित रुपमा सिंचाई सुविधा पुगे पनि अधिकांश असिंचित अवस्थामा नै छन् । असिंचित फाँट र टारहरुमा उपयुक्त प्रविधि द्धारा सिंचाई सुविधा उपलब्ध गराउन सके खाद्यान्न, फलफूल, तरकारी, मसलावाली, नगदेवाली आदिको व्यवसायिक खेती गर्न सकिने सम्भावना रहेको देखिन्छ । यसरी यस्ता फाँट र टारहरुमा व्यवसायिक कृषि तथा पशुपालन गर्न सके प्रशस्त रोजगारी श्रृजना हुने र कृषि उत्पादन प्रशस्त बृद्धि गर्न सकिने सम्भावना रहेको देखिएको छ ।

देशकै नमुनाको रुपमा २०३०/३१ सालमा सेक्टर सिंचाई आयोजना अन्तर्गत त्रिशुली नदीको पानीलाई लिफ्ट प्रविधिवाट उपयोग गरी वट्टार, महारानी डिही, माझी टार तथा पिपलटार क्षेत्रको कूल ४२५ हेक्टर भूमिमा सिंचाई सुविधा पुऱ्याउने उद्देश्यले निर्माण गरिएको “वट्टार सिंचाई आयोजना” चर्को संचालन खर्चले गर्दा असफल आयोजनाको रुपमा रहन गयो । दुई वर्ष अधि सम्म महारानी डिही क्षेत्रको ६० हेक्टर भूमिका सिंचाई सुविधा उपलब्ध गराउँदै आएको यो आयोजना

पूर्णत वन्द भएको छ । यस आयोजनाका मूल्यांकन उपकरणहरु र निर्माण गरिएका भवनहरु उचित हेरचाह र सम्भार र संरक्षणको अभावमा नष्ट हुँदै गई रहेको छन् ।

## ५.२.९ कृषि विकासका समस्या

काठमाण्डौं संग जोडिएको जिल्ला भएकाले राम्रो बजारको उपलब्धता भएको हुंदा तरकारी खेती, उच्च मोल पर्ने वालीमा स्ट्रवेरी, तथा रेन्वो ट्राउट माछा उच्च पहाडी क्षेत्रमा आलुखेती, खाद्यान्न उत्पादन तथा दुध र दुधजन्य पदार्थको संभावना र अवसर अत्यन्त राम्रो रहेको छ ।

जिल्लामा विगत ५ बर्ष देखि भएका कृषि विकासकासंचालन लागि मुख्य मुख्य कार्यक्रमहरु गरिएको मा प्रदर्शन कार्यक्रम, मिनिकिट वितरण, वीउ आत्म आदि आयोजना देखिएका छन् भने वागवानी तर्फ सघन तरकारी विकास आयोजना, पोषण सुधार आयोजना, समन्वयात्मक आलु उत्पादन कार्यक्रम, बर्षे तथा सुन्तला जातका फलफूल विकास आयोजना, नगदे वाली विकास आयोजना देखिएका छन् । यसै गरी वाली संरक्षण कार्यक्रम र तालिम कार्यक्रमहरु पनि संचालन गरिएका छन् ।जिल्लामा लामो समय देखि कृषि तथा पशु विकासका कार्यक्रमहरु संचालन तथा कार्यान्वयन भए पनि कृषि विकास सम्वन्धि अझै धेरै समस्याहरु रहेको देखिएको छ । यी समस्याहरु निम्न बमोजिम छन् ।

१. जिल्लामा व्यवसायिक खेती प्रणाली तथा पशुपालन व्यवसायको विकास अपेक्षित रुपमा हुन सकेको छैन । अधिकाशं कृषकहरु परम्परागत खेती तथा पशुपालन व्यवसायमा संलग्न रहेका हुँदा यो पेशा गरिबहरुको पेशाकै रुपमा रहेको र धनीहरुको पेशाका रुपमा परिवर्तन हुन सकेको देखिंदैन ।
२. कृषकहरुमा व्यवसायिक खेती र पशुपालन गर्न आवश्यक पर्ने प्राविधिक ज्ञान र तालिमको कमी रहेको देखिएको छ ।
३. कुल कृषि योग्य जमिन मध्ये अझै ७४६३ हेक्टर भन्दा बढी जमिनमा सिंचाई सुविधा पुग्न सकेको सकिएको छैन ।
४. खेती योग्य जमिनका चकला अंशबण्डा/भागबण्डा आदिका कारण व्यापक रुपमा खण्डीकरण हुदै गएकोले आर्थिक रुपले खेती फाइदा जनक हुन नसक्ने स्थितिमा रहेको छ ।
५. गुणस्तरको रासायनिक मलको आपूर्ति हुन नसकेको र मलको मूल्य बृद्धि भएको हुँदा साना कृषकलाई समस्या परेको देखिन्छ । सरकारी कृषि मलको मूल्य महंगो हुने र समयमा उपलब्ध नहुने समस्या रहेको छ भने निजी क्षेत्रबाट वितरित मलको गुणस्तरको नियन्त्रण र अनुगमन प्रभावकारी हुन सकेको छैन । यस्ले गर्दा कृषकहरु कम गुणस्तरको मल प्रयोग गर्न वाध्य भएका छन् ।
६. उत्पादन क्षेत्रमा सडक सुविधाको कमी भएको हुदाँ उत्पादन सामाग्री कृषक सम्म पुऱ्याउन महंगो भएको साथै कृषि उपज बजार सम्म ल्याउन पनि महंगो पर्न गएको छ ।

७. जिल्लामा कृषि बजार केन्द्रहरुको (थोक, खुद्रा) विकास भएको छैन । हालसम्म जिल्लामा पशुपंक्षी तथा पशुजन्य पदार्थ खरिद विक्रि गर्ने नियमित हाटबजारको व्यवस्था हुन सकेको छैन ।
८. पशुसेवा केन्द्रहरुमा आवश्यक भौतिक सुविधाहरु तथा उपकरणहरु जस्तै वर्डिजोक्यास्ट्रेटर, माइक्रोस्कोप तथा अन्य मेशिनरीको कमी रहेको छ ।
९. कृषि उत्पादन बृद्धि गर्न बढी जग्गा उपलब्ध हुन सक्ने स्थिति छैन । त्यसैले उत्पादकत्व वृद्धि वा व्यावसायिक/सघन बालीहरु तर्फ जोड दिनुपर्ने देखिन्छ ।
१०. जिल्लाका १६ वटा गा.वि.स.मा हाल सम्म पनि सडकको पूर्वाधार पुग्न सकेको छैन । यसकारण कृषि उत्पादन बजारमा पुऱ्याउन बढी खर्च लाग्ने गरेको छ भने उपयुक्त सूचना र सञ्चार प्रणालीको अभावमा किसानहरुले आफ्नो उत्पादनको वास्तविक मूल्य प्राप्त गर्न सकेका छैनन् ।
११. प्राथमिकता प्राप्त कृषि सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनमा त्यस कार्यसंग सम्बन्धित विभिन्न निकायहरुको प्रतिवद्धता र समन्वयमा कमी भएको देखिन्छ ।
१२. सिंचाई आयोजना सम्पन्न पश्चात् मर्मत संभार तथा निरन्तर संचालनको समस्या देखिएको छ । उपभोक्ता समिति तथा उपभोक्ताहरु सक्षम नहुँदै हतारमा आयोजना हस्तान्तारण गरिदा कतिपय सिंचाई आयोजनाहरु निरन्तर सञ्चालन हुन सकेका छैनन् ।
१३. सिंचाई आयोजनाहरुको निर्माणको रेखदेख तथा गुणस्तर नियन्त्रणका लागि उपभोक्ता समिति वा उपभोक्ताहरुलाई जिम्मेवार बनाउन सकिएको छैन ।
१४. छरिएका वस्ती, भौगोलिक विकटता तथा एउटा कृषि, पशु सेवा केन्द्र/उपकेन्द्रले धेरै गा.वि.स.मा सेवा पुऱ्याउनु पर्ने बाध्यता रहेको छ । कुनै कुनै सेवा केन्द्रबाट सम्बन्धित गा.वि.स. सम्म पुग्न २ दिनसम्म लाग्ने गरेको कारण प्रभावकारी रुपमा पशु सेवा कार्यक्रम संचालन हुन सकेको छैन ।
१५. जिल्लामा बृहत स्तरको दूध संकलन केन्द्र, दूध चिस्यान केन्द्र तथा तरकारी संकलन केन्द्र र अत्याधुनिक कोल्ड स्टोरेज नभएको हुदाँ उचित बजार व्यवस्थाको अभाव रहेको छ । यस्ले गर्दा कृषकहरु बाली भिœयउना साथ बेच्न बाध्य भएकाले उपयुक्त मूल्य पाउन नसकी मर्कमा परेका छन् ।
१६. जिल्लामा आधुनिक बधशाला र सुधारीएको मासु बजारको अभावले गर्दा जिल्ला बासीले स्वच्छ मासुको उपयोग गर्न पाएका छैनन् । स्वस्थकर मासु उपलब्ध नहुदा जिल्ला बासीहरुको स्वास्थ्यमा नकारात्मक असर पर्न गएको छ ।
१७. कृषि ऋण तर्फ लगानीको क्षेत्र ठूलो हुनु, ऋण असुली कम हुनु, व्याजको मात्रा बढी हुनु, सुपरिवेक्षण तथा अनुगमन कार्य प्रभावकारी नहुनु तथा विगतमा आन्तरिक द्वन्दको कारण बैंकहरु सदरमुकाम केन्द्रीत हुनु र ऋण असूली नहुनु जस्ता समस्या विद्यमान छन् ।

यी समस्याहरुलाई समाधान गर्दै कृषि तथा पशु क्षेत्रलाई व्यापक विकास गर्न सकिने सम्भावना रहेको देखिएको छ । जिल्लामा कृषि उत्पादनलाई हालको बृद्धिदर भन्दा अत्यधिक रुपमा बढाएर लैजान सकिने देखिन्छ । यस्का लागि उत्पादन बृद्धि गर्न आवश्यक पर्ने कृषि सामाग्री, मलखाद, उन्नत बीउ, सिंचाई, प्रविधि, बजार आदि आवश्यकता अनुरुप उपलव्धता बृद्धि गर्दै लैजान आवश्यक छ ।कृषि र पशु क्षेत्रमा कृषकहरु व्यवसायिकरण गर्ने तर्फ उत्सुक रहेका र आधार समेत

तयार भईरहेको हुँदा व्यवसायिकरणको गती तीब्र पार्दै लैजान सकिने वलियो सम्भावना देखिएको छ ।कृषि सेवा केन्द्र अन्तर्गत पर्ने गाउं विकास समितिहरूको भौगोलिक कठिनाई, कृषि उत्पादनको विशेष स्थानलाई दृष्टिगत गरी सरकारलाई आर्थिक र जनशक्तीको थपभार नपर्ने गरी जिल्ला कृषि विकास कार्यालयको हालको मौजूदा दरवन्दीका कर्मचारीलाई परिचालन गरी स्थानीय स्तरबाट कार्यालयको व्यवस्था भएमा माथि उल्लेखित स्थानहरूमा कृषि प्रसार सम्पर्क कार्यालय स्थापना गरी कृषि प्रसार कार्यक्रम प्रभावकारी हुन जान्छ ।

## ५.३ जिल्लाको अर्थतन्त्रको विशिष्टिकरण

जिल्लाको अर्थतन्त्र मूलतः कृषिमै निर्भर रहेको छ । जिल्लाको एक मात्र शहरी क्षेत्र विदुर नगरपालिकामा सेवा तथा व्यापार व्यवसाय खुल्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । जिल्लामा अधिकांश पूर्वाधारहरु तयार छन् । यो जिल्ला काठमाण्डौ संग भौगोलिक रुपमा जोडिएको मात्र नभै उद्योग वाणिज्य एवं अर्थतन्त्रको हिसाबले पनि काठमाण्डौं सिधा सम्बन्ध रहेकोले यहांका अधिकांश लगानीकर्ताहरु काठमाण्डौमा नै लगानी गर्न आकर्षित भएको देखिन्छ । फलतः लगानीकर्ताको अभावमा यहांको उद्योग तथा व्यापारको क्षेत्र पछि परेको छ । गल्छी देवीघाट सडक कच्चीनै भए पनि संचालनमा आइसकेको र स्याफ्रुवेसी केरुङ मार्ग निर्माण हुने घोषणा संगै उद्योग र वाणिज्यको क्षेत्रमा नयां उत्साह थपिएको भने पाइन्छ ।

## ५.४ आर्थिक अन्तरसम्वन्ध तथा लगानी उत्पादन विश्लेषण

विगतमा नुवाकोट जिल्ला काठमाण्डौं र भोटलाई व्यापारिक कारोबारको लागि जोड्ने मध्यस्थ भूभागको रुपमा परिचित रहेको पाइन्छ । भोटबाट यहि बाटो भएर ऊन, नुन, जडिबुटि, भोटे चिया, सुकुटी, चौंरीको जुगर, भेडा, च्याङग्रा लसुन आदि वस्तु काठमाण्डौ उपत्यकामा भित्रिने गर्दथ्यो भने त्यस्तै गरी काठमाण्डौ र नुवाकोटमा उत्पादित धान,मकै, खुर्सानी, घिउ आदि वस्तुहरु भारत तर्फ पनि निकासी हुने गर्दथ्यो । यसरी नुवाकोट जिल्लाले भारत र काठमाडौंको लागि विगतमा व्यापारिक मध्यस्थताको भूमिका निभाएको थियो । हाल यस जिल्लाको ७० देखि ८० प्रतिशत व्यापारिक कारोबार काठमाडौं जिल्ला सँग हुने गर्दछ भनें बाँकी २० देखि ३० प्रतिशत कारोबार रसुवा, धादिङ्ग, पोखरा, नारायणगढ, विरगंज, भैरहवा, धनकुटा, झापा आदि जिल्लाहरु सँग हुने गर्दछ ।

काठमाडौं सँग जोडिएको जिल्ला भएतापनि नुवाकोट जिल्लाको अर्थतन्त्रको मेरुदण्ड कृषि नै रहेको छ । यहाँका कुल घरपरिवारहरु मध्ये ७१.६ प्रतिशत कृषिमा, ८ प्रतिशत उद्योगमा, ५.६ प्रतिशत व्यापारमा र ३ प्रतिशत सेवा क्षेत्रमा लागेको पाइएको छ । नुवाकोट जिल्लामा उत्कृष्ट जातका धानहरु उत्पादन हुने गर्दछ । धानको निर्यात काठमाण्डौ लगायत देशका अन्य जिल्लाहरुमा पनि गर्ने गरिन्छ । यस जिल्लाबाट निर्यात हुने अन्य उपज तथा बस्तुहरुमा मुख्यतया मकै, कोदो, गहुँ, दूध, ट्राउट माछा, तरकारी, कुखुरा, फूल, काठ, जडिबुटि, थुन्से, डालो, नेपाली कागज, हस्तकलाका सामानहरु, अल्लो, विजुली आदि नै हुन् । यस्तै गरी काठमाण्डौ लगायत अन्य जिल्लाहरुबाट आयात हुने सामानहरुमा कपडा, चिनी, पेट्रोलियम पदार्थ, मलखाद, निर्माण सामाग्रीहरु, औषधी, खसी, बोका, राँगा, कुखुराको चल्ला आदि नै हुन् ।

नुवाकोट जिल्लामा अधिराज्यका अन्य जिल्लाहरु र भारतवाट आयात हुने वस्तुहरुमा चामल, चिउरा, दाल, तेल, ध्यू, तयारी चाउचाउ, चिनी, जस्ता सिमेन्ट, पाईप, पेय पदार्थहरु, पेट्रोलियम पदार्थ, इट्टा, फलामे डण्डी, लत्ताकपडा, चुरोट आदि नै हुन् । यी आयातित वस्तुहरुमा पनि चुरोट, पेय पर्दाथ, सिमेन्ट जस्ता पदार्थको आयात उच्च रहेको पाइन्छ । केहि वर्ष यता नुवाकोट जिल्लामा मदिरा आयात उल्लेख्य रुपमा वृद्धि हुँदै गएको छ । नुवाकोट जिल्लालाई एकिकृत रुपमा विद्युतीकरण गर्दै लैजाने हो भने पेट्रोलियम पदार्थको आयातमा कटौती गर्न सकिने अनुमान गर्न सकिन्छ। नुवाकोट जिल्लाले तुलनात्मक रुपमा चुरोटको आयात वढि गर्नुले यस जिल्लामा धुमपान गर्ने घर परिवारको संस्था अत्याधिक रहेको पुष्टी गर्दछ । राजस्वको प्रलोभनमा नपरी स्थानीय सरकार, गैन्ह सरकारी संस्था, ल्कव आदिको संयुक्त प्रयासमा धुम्रपान विरुद्धका सामाजिक चेतनामूलक कार्यक्रम संचालन गर्दै जाने हो भने चुरोटको आयात घटाउन सकिन्छ ।

## ५.५ जिल्लाको वैदेशिक लगानीको स्थिति

नुवाकोट जिल्लामा वैदेशिक लगानी शुन्य नै रहेको छ । तर यो जिल्ला वैदेशिक लगानीको दृष्टिकोणवाट महत्वपूर्ण क्षेत्र हुन सक्दछ । जलविद्युत, पर्यटन, खाद्य प्रशोधन, जडिवुटि प्रशोधन आदि यस जिल्लाको लागि वैदेशिक लगानीको आकर्षक क्षेत्रको रुपमा देखिएका छन् । नुवाकोट जिल्लामा वैदेशिक लगानीलाई उच्चतम विन्दुमा पुऱ्याउनका लागि प्रभाव पार्ने तत्वहरुमा पूर्वाधारहरुको विकास, श्रम शक्तिलाई शीपमूलक तालिमको व्यवस्था, साँस्कृतिक धरोहरको संरक्षण र जगेर्ना, कच्चा पदार्थहरुको विकासमा प्राथमिकता, साना तथा मध्यम खाले जलविद्युत आयोजनाको विकास आदि देखा पर्दछन् । स्थानीय सरकारले यी पूर्वाधाहरुको विकास गर्दै लैजान सकेमा विदेशी लगानीको वृद्धि हुने प्रचुर सम्भावना देखिएकोछ । यस अतिरिक्त नुवाकोट जिल्लामा ग्रामीण पर्यटन विकासको पनि प्रशस्त सम्भावना देखिएको छ ।

## ५.६ जिल्लाको कूल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आय

जिल्ला स्तरमा कुल गार्हस्थ्य उत्पादन निकाल्न आवश्यक पर्ने सबै तथ्याङ्कहरु हाल उपलब्ध हुन सक्ने स्थिति देखिदैन । यसैले जिल्लाको कुल गार्हस्थ्य उत्पादन सम्वन्धमा विवेचना गर्न सकिने स्थिति छैन । यस सन्दर्भमा कूल गार्हस्थ उत्पादनको सर्वमान्य सैद्धान्तिक विधि अनुरुप विविध क्षेत्रको आवश्यक तथ्याङ्क सृजना गर्ने तर्फ स्थानीय निकायहरु, लाईन एजेन्सीहरु तथा उद्योग वाणिज्य संघले संयुक्त प्रयास गर्नु पर्ने देखिएको छ ।

संयुक्त राष्ट्रसंघ काठमाडौंबाट प्रकाशित मानव विकास प्रतिवेदन २००४ मा उल्लेखित मानवीय विकासका सुचकहरुको आधारमा हेर्दा नुवाकोट जिल्लाको स्थिति काठमाण्डौं भन्दा धेरै तल रहको प्रष्ट हुन्छ । काठमाण्डौंको तुलनामा नुवाकोट जिल्लाको प्रतिव्यक्ति आय भण्डै एक तिहाई रहेको छ भने छिमेकी जिल्ला रसुवा र काठमाण्डौंसग जोडिएको अर्को जिल्ला काभ्रेको भन्दा कम रहेको र धादिङ्गको भन्दा केहि बढि रहेको छ ।प्रतिवेदन अनुसार सन् २००४ मा नेपालको राष्ट्रिय प्रतिव्यक्ति आम्दानी (PPP आधारमा) यू.एस.डलर १३१० रहेको छ भने नुवाकोट जिल्लाको १२३७ रहेको छ । छिमेकी जिल्लाहरु काठमाण्डौं, रसुवा, घादिङ्ग र सिन्धुपाल्चोक जिल्लाको प्रतिव्यक्ति आय क्रमशः यू.एस.डलर ३४३८, १८०२, १५७२, ११९४ र १०२५ रहेको छ । प्रतिव्यक्ति आम्दानीको हिसावले छिमेकी जिल्लाहरु सँग तुलना गर्दा काठमाण्डौं पहिलो, रसुवा दोश्रो, धादिङ्ग तेश्रो र नुवाकोट चौथो स्थानमा पर्न आएका छन् ।

नुवाकोट जिल्लाको मानव विकास सूचकाङ्क ०.४६३ छ जवकि काठमाण्डौंको ०.६५२ छ। माथिबाट क्रमैसँग गणना गर्दै ल्याउदा मानव विकास सुचाकाङ्कमा यो जिल्ला ३८औँ स्थानमा रहेको छ।

**तालिका ५.३६ : राष्ट्रिय स्तर र छिमेकी तथा अन्य जिल्लाहरु संग मानविय विकासको तुलनात्मक स्थिति**

| क्र.सं | सुचक | नेपाल | नुवाकोट | काठमाण्डौं | रसुवा | धादिङ्ग | काभ्रे | मनाङ्ग | मुस्ताङ | सोलुखुम्बु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | औषत आयु | ६०.९८ | ६३.५७ | ६९.५३ | ५४.७५ | ५८.५५ | ६९.३३ | ५७.०३ | ५७.०३ | ६५.९४ |
| २ | वस्यक साक्षरता | ४८.६ | ४२.५ | ७३.५ | २५.४ | ३४.३ | ५६.१ | ५२.२ | ४७.८ | ३९.० |
| ३ | स्कुल जाने औषत वर्ष | २.७५ | १.९७ | ५.९४ | १.५६ | २.०५ | ५.६० | ३.१७ | २.५८ | २.१५ |
| ४ | प्रति व्यति आय (अमेरिकी डलर) | १३१० | १२३७ | ३४३८ | १८०२ | १०७५ | १५७२ | २७४६ | २४६६ | १४५५ |
| ५ | मानव विकास सुचकाङ्क | ०.४७१ | ०.४६३ | ०.६५२ | ०.३९४ | ०.४१० | ०.५४३ | ०.५०२ | ०.४८२ | ०.४७९ |
| ६ | लैङ्गिक शशक्तिकरण सुचकाङ्क | ०.३९१ | ०.३६५ | ०.४४२ | ०.३८२ | ०.३६२ | ०.४२१ | ०.५२८ | ०.४९० | ०.३५६ |
| ७ | मानव विकास सुचकाङ्कको तुलनात्मक स्थान | - | ३८ | १ | ६२ | ५५ | ६ | १५ | २६ | ३० |
| ८ | लौङ्गिक विकास सूचकाङ्कको तुलनात्मक स्थान | - | ३८ | ४ | २८ | ४० | १० | १ | २ | ४५ |

श्रोत: *UNDP Human Development Report, United Nations Development Programme, Kathmandu 2004.*

यस जिल्लाको मानव विकास सूचकाङ्क काठमाण्डौंसंग जोडिएको अर्को जिल्ला काभ्रेको भन्दा कम छ।तर छिमेकी जिल्ला रसुवा र धादिङ्गको भन्दा बढि छ। अर्को पक्षबाट हेर्ने हो भने यस जिल्लाको मानव विकास सुचकाङ्कको स्थिति सडक मार्गले नछोएका मनाङ्ग , मुस्ताङ र सोलुखुम्बु जस्ता दुर्गम हिमाली जिल्लाको भन्दा पनि तल रहेको छ। माथिबाट क्रमैसँग गणना गर्दै ल्याउदा मनाङ्ग , मुस्ताङ र सोलुखुम्बु मानव विकास सुचाकाङ्कमा क्रमश १५ औं, २६ औं र ३० औं स्थानमा रहेका छन्।

नुवाकोट जिल्लाको लैङ्गिक शशक्तिकरण सूचाकाङ्क ०.३६५ छ , जुन माथिबाट ३८ औं स्थानमा पर्दछ। दुर्गम जिल्लाहरु मनाङ्ग र मुस्ताङ्गको सूचकाङ्क क्रमश ०.५२८ र ०.४९० रही पहिलो र दोस्रो स्थान लिएका हुन्।

## ५.७ परिवारको आय स्तर तथा गरिवीको स्थिति

नुवाकोट जिल्लामा ३७.४ प्रतिशत जनसंख्या गरीबीको रेखामुनि रहेको अनुमान छ। जिल्लामा गरीबीको विषमता १०.९ प्रतिशत र गरीबीको गहनता ४.४ प्रतिशत रहेको छ। गरीबीको विषमताको सूचकले गरिब मानिएकाहरु मध्ये पनि कति प्रतिशत गरीबहरु गरीबीको रेखाभन्दा कति टाढा छन् भन्ने जनाउँदछ। त्यस्तै गरीबीको गहनताको सूचकले गरीबहरु बीच के कति असमानता छ भन्ने जनाउँदछ। राष्ट्रिय स्तर संग तुलना गर्दा नुवाकोट जिल्लाको गरिबीको स्थिति केही बढीनै

देखिन्छ भने काठमाण्डौको तुलनामा एकदमै बढी देखिन्छ । धादिङ्ग र रसुवाको तुलनामा भने कम देखिन्छ ।

**तालिका ५.३७ : जिल्लामा गरिबी, कुपोषण र पौष्टिक आहारको स्थिति (प्रतिशत)**

| क्र.सं. | विवरण | नेपाल | नुवाकोट | काठमाण्डौ | धादिङ्ग | रसुवा |
|---|---|---|---|---|---|---|
| १. | गरिबी (Poverty) | | | | | |
| | गरिवीको स्थिति वा मात्रा (Poverty Incidence) | ३३.५ | ३७.४ | ४.४ | ४३.३ | ५०.९ |
| | गरिवीको बिषमता (Poverty Gap) | ९.७ | १०.९ | १.० | १३.३ | १६.२ |
| | गरिवीको गहनता (Poverty Severity) | ३.९ | ४.४ | ०.४ | ५.६ | ६.९ |
| २. | पौष्टिक आहार (Caloric Intake) | | | | | |
| | क्यालोरी उपभोग स्थिति (Caloric Intake Prevalence) | ३९.८ | ४१.६ | ४३.५ | ३६.९ | ४९.४ |
| | क्यालोरी उपभोग बिषमता (Caloric Intake Gap) | ७.६ | ८.२ | ८.३ | ७.८ | ११.२ |
| | क्यालोरी उपभोग गहनता (Caloric Intake Severity) | २.२ | २.५ | २.४ | २.३ | ३.७ |
| ३. | कुपोषण (Malnutrition) | | | | | |
| | पुड्कोपन (Stunting) | ५०.४ | ५४.९ | ३१.४ | ५३.८ | ६१.१ |
| | अति पुड्कोपन (Severe Stunting) | २०.६ | २३.५ | ९.१ | २२.६ | २९.० |
| | अल्पवजन (Underweight) | ४५.२ | ४२.४ | १९.२ | ४२.७ | ४०.३ |
| | अति अल्पवजन (Severe Underweight) | १४.६ | १२.५ | ३.७ | १२.८ | ११.४ |
| | दुव्लोपन (Wasting) | ४.६ | ५.१ | ४.३ | ६.१ | ३.१ |
| | अति दुव्लोपन (Severe Wasting) | ०.९ | ०.४ | ०.३ | ०.५ | ०.२ |

श्रोत : Small Area Estimation of Poverty, Caloric Intake and Malnutrition in Nepal, केन्द्रीय तथ्याङ्क विभाग (२००६) ।

पौष्टिक आहारको स्थिति हेर्दा ४१.६ प्रतिशत जनसंख्याले आवश्यक क्यालोरी खाने गरेको देखिन्छ । क्यालोरी उपभोग विषमता ८.२ प्रतिशत छ भने क्यालोरी उपभोग गहनता २.५ प्रतिशत रहेको छ । कुपोषणको स्थिति हेर्दा ५४.९ प्रतिशत जनसंख्या अति पुडकोपन , २३.५ प्रतिशत पुडको पन, ४२.४ प्रतिशत अल्प वजन , १२.५ प्रतिशत प्रतिशत अति अल्प वजन , ५.१ प्रतिशत दुब्लोपन र ०.४ प्रतिशत अति दुब्लोपन समस्याबाट ग्रसित छन् । काठमाण्डौ जिल्ला संग तुलना गर्दा नुवाकोटमा कुपोषणका यी सबै सूचकहरु बढी छन् भने धादिङ्ग र रसुवा संग तुलना गर्दा हाराहारीमा देखिन्छन् ।

जिल्लामा इलाकागत रुपमा गरिबीको स्थिति हेर्दा सबैभन्दा बढी इलाका नं १३ मा ५३.५ प्रतिशत र सबैभन्दा कम विदुर नगरपालिकामा १४.३ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखिन्छ । चालिस प्रतिशत भन्दा बढी जनसंख्या गरीबीको रेखामुनि भएका इलाकाहरुमा इलाका नं.१. (५०.४ प्रतिशत) , इलाका नं.१२. (४८.२ प्रतिशत) , इलाका नं.११. (४५ प्रतिशत) , इलाका नं.५. (४३.२ प्रतिशत) , इलाका नं.१०. (४२.२ प्रतिशत) र इलाका नं.८. (४०.९ प्रतिशत), पर्दछन् । इलाकाहरु मध्ये गरिबीको स्थिति सबैभन्दा कम ८ नं. इलाकामा मा २१.८ प्रतिशत रहेको देखिन्छ । गरिबीको विषमता गरिबीको प्रतिशत उच्च भएका इलाकाहरुमा उच्च र कम भएका इलाकाहरुमा कम रहेको देखिन्छ । गरिबीको गहनताको स्थिति पनि लगभग यस्तै रहेको छ ।

**तलिका ५.३८ : इलाका अनुसार गरिबीको रेखामुनिको जनसंख्या**

| इलाका | जनसंख्या | गरिवीको स्थिति | गरिवीको बिषमता | गरिवीको गहनता |
|---|---|---|---|---|

| नं |  | (PovertyIncidence) | (Poverty Gap) | (Poverty Severity) (प्रतिशत) |
|---|---|---|---|---|
| १ | १४८२३ | ५०.४ | १५.७ | ६.७ |
| २ | २१२३३ | ३२.८ | ९.८ | ४.१ |
| ३ | ३१६८६ | ३८.८ | १०.८ | ४.३ |
| ४ | ३३६५२ | ३७.७ | १०.५ | ४.२ |
| ५ | १६४६१ | ४३.२ | १२.८ | ५.३ |
| ६ | १९७५३ | ३६.४ | ९.४ | ३.५ |
| ७ | १४०३८ | ४०.९ | ११.५ | ४.६ |
| ८ | २२६४६ | २१.८ | ५.८ | २.३ |
| ९ | २६४२७ | २६.४ | ७.२ | २.८ |
| १० | २०९०७ | ४२.२ | १३.१ | ५.६ |
| ११ | १५८२१ | ४५.० | १३.६ | ५.७ |
| १२ | १५६७० | ४८.२ | १५.५ | ६.७ |
| १३ | १३११५ | ५३.५ | १६.३ | ६.७ |
| विदुर न.पा. | २११९३ | १४.३ | ३.६ | १.४ |

श्रोत : Small Area Estimation of Poverty, Caloric Intake and Malnutrition in Nepal
केन्द्रीय तथ्याङ्क विभाग (२००६) ।




कृषि क्षेत्र माथिको अत्यधिक निर्भतरताले नुवाकोट जिल्लाको गरिवीको अवस्थालाई प्रत्यक्ष वा परोक्ष रुपमा उजगार गरेको छ । देशको राजधानी काठमाण्डौं जिल्लासंग जोडिएको जिल्ला भएतापनि यस जिल्लामा उद्योग, पर्यटन र व्यापारको अपेक्षित विकास जिल्लामा हुन नसकेवाट यो जिल्ला गरिवी र पछ्यौटेपनमा रही आएको तथ्य देखिएको छ । जलविद्युत उर्जाको विकासमा यो जिल्ला अग्रणी

देखिएतापनि यस जिल्लामा उत्पादन गरिएको जल विद्युत उर्जा र सो को उत्पादनशील उपयोगवाट ग्रामीण भेगका अधिकांश घरपरिवारहरु अझै पनि  वन्चित रहेका छन् ।

वाटोघाटो, विद्युत, संचार आदि उपलब्ध हुँदा पनि र वेत्रावती जस्ता गा.वि.स.हरु सहरोन्मुख गा.वि.स.मा रुपान्तरण हुँदै गएता पनि नुवाकोट जिल्लाको अर्थतन्त्र कृषि, उद्योग र सेवा क्षेत्रमा तुलनात्मक रुपमा पछि नै परेको छ । कृषकहरुले विविध कृषि उपजहरु, दलहन, तेलहन नगदेवालीको उत्पादन गर्दै आएता पनि ग्रामीण सडकको विस्तार नभएवाट यस्ता उपजहरुको बजारीकरण हुन नसकेकोले कृषकहरुको जीवनस्तर त्यति माथि उठन सकेको छैन । वट्टार जस्ता उब्जाउ टारहरु अद्यपी सिंचाई सुविधावाट वन्चित रहेवाट वेमौसमी  तरकारी खेती र नगदेवालीको उत्पादन वृद्धि हुन सकेको छैन । कृषि क्षेत्र विभिन्न किसिमका कृषि सामाग्रीको सहज, उपलब्धता तथा जे.टी./जे.टी.ए को परामर्श सेवा प्राप्त हुन नसकेको हुँदा अधिकांश कृषक घरपरिवारको आम्दानी उत्साहजनक रुपमा वृद्धि हुन सकिरहेको छैन ।

## ५.८ उद्योग तथा खानी क्षेत्रको स्थिति

### ५.८.१ उद्योगको स्थिति

नुवाकोट जिल्लामा संचालित अधिकाशं उद्योगहरु साना तथा घरेलु उद्योगहरु नै हुन् । जिल्लामा हालसम्म पनि ठूला एवं मझौला उद्योगहरु स्थापना हुन सकेका छैनन् । हालै सदरमुकामको वट्टारमा एक ठूलो उद्योगको रुपमा कोल्ड स्टोर खोल्ने तर्फ निजी  क्षेत्र आकर्षित भई प्रारम्भिक पूर्वाधार निर्माण कार्य संचालन गरेको छ । परम्परागत घरेलु तथा साना उद्योगहरु केही खोलिएका छन् । ती उद्योगहरुबाट उल्लेख्य आर्थिक टेवा भने प्राप्त भै सकेको छैन तापनि उद्योगहरु मुनाफा तर्फ अभिमूख देखिन्छन् ।

औद्योगिक गणना २०५९/०६०  अनुसार नुवाकोट जिल्लामा १० वा १० भन्दा बढी कामदार संलग्न भएका ९ वटा उद्योग रहेको देखिएको छ । यीनमा इँट्टा र स्लेट उद्योगको बहुल्यता रहेको छ भने दोस्रो स्थानमा कागज उद्योग रहेको छ ।

**तालिका ५.३९ : ठुला उद्योगहरु बारे विवरण**

| क्र.स. | उद्योगको किसिम | संख्या | संलग्न कामदार संख्या | रू हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | तलब तथा ज्याला | आगत मूल्य | निर्गत मूल्य | मूल्य अभिवृद्धि | पुंजी निर्माण |
| १. | कपडा उत्पादन | १ | उल्लेख नभएको | उल्लेख नभएको | उल्लेख नभएको | उल्लेख नभएको | उल्लेख नभएको | उल्लेख नभएको |
| २. | कागज तथा कागज जन्य वस्तु | ३ | ” | ” | ” | ” | ” | ” |
| ३. | अन्य गैर्‍ह धातु खनिज पदार्थ | ५ | ६४ | ११५२ | १२७१ | ३३९५ | २१२४ | ५ |
| | जम्मा | ९ | १११ | १८८० | ४०८९ | ८१२० | ४०३१ | ८ |

*श्रोतः Census of Manufacturing Establishments,2001-2002, केन्द्रीय तथ्याङ्क विभाग ।*

यी उद्योगहरुमा १११ जनाले रोजगारी पाएको र यिनबाट वार्षिक रू ४०८९ हजार बराबरको निर्गत मूल्य (census input) र रू ८१२० हजार बराबरको आगत मूल्य (census output) भई रू ४०३१ हजारको मूल्य अभिवृद्धि (value added) गरेको र यी उद्योगहरुले वार्षिक रू ८००० को पुँजी निर्माण गरेको देखिन्छ । यी ९ वटा उद्योगहरुको नाम र स्थापना भएका ठाउँका विवरण तालिका ५.४० मा दिइएको छ ।

**तालिका ५.४० : उद्योग र स्थापना भएको ठाउँ**

| क्र.स. | उद्योगको नाम | ठाउँ |
|---|---|---|
| १. | सूर्य कस्विन उद्योग | खानेखोला , ओखरपौवा |
| २. | नेपाली कागज उद्योग | वर्यात , वुङताङ |
| ३. | श्री नेपाली उद्योग | वर्यात , वुङताङ |
| ४. | राम सिङ उद्योग | भाल्चे , भाल्चे |
| ५. | महर्जन ईंट्टा उद्योग | बट्टार , बिदुर |
| ६. | नारायणी ईंटा उद्योग | बट्टार , बिदुर |
| ७. | श्रेष्ठ ईंट्टा उद्योग | बट्टार , बिदुर |
| ८. | वर्ल्ड स्टोन क्शर उद्योग | पिपलटार ,बिदुर |
| ९. | सानु कान्छ स्लेट ढुङ्गा उद्योग | आम्रे ,बेलकोट |

श्रोत : *Census of Manufacturing Establishments, Directory 2001-2002*,केन्द्रीय तथ्याङ्क विभाग, काठमाण्डौं ।

नुवाकोट उद्योग बाणिज्य संघले प्रकाशित गरेको पुस्तिकाको आधारमा यस जिल्लामा ९८७ वटा साना तथा घरेलु उद्योग, ४८६ वटा व्यापारीक फर्महरु र १२७ वटा साना तथा मध्यम खाले विविध किसिमका उद्योगहरु रहेको छ । जिल्ला स्थित साना तथा घरेलु उद्योग विकास समितिको अभिलेख अनुसार साना तथा घरेलु उद्योगको संख्या ४७७ रहेको छ । तर यी उद्योगको अवस्था बारे तथ्याङ्क एंव सूचना उपलब्ध छैन ।

यस जिल्लामा नेपाल सरकार उद्योग वाणिज्य मन्त्रालय र संयुक्त राष्ट्र संघिय विकास कार्यक्रमको आर्थिक र प्राविधिक सहयोगमा २०५५ साल देखि लघु उद्यम विकास कार्यक्रम (MEDEP) सञ्चालन हुँदै आएको छ । कम आम्दानीका श्रोत भएका परिवारको हालको मौजुदा गरिवीको स्तरवाट माथि उकास्न तथा लघु उद्यम विकासमा सेवा पुऱ्याउने लक्ष्य लिई संचालनमा ल्याइएको यस कार्यक्रमले ५ वर्षको कार्यकालमा ६५० उद्यम स्थापना गर्ने लक्ष्य राखेको थियो । २०६१ सालको अन्त्य सम्ममा ४५१ जनाले ४४० वटा विभिन्न वस्तु र सेवामा आधारित लघु उद्यम स्थापना गरेका छन् । साथै लघु उद्यम ब्यवसय संचालन गर्न इच्छुक वेरोजगार तथा संभावित उद्यमीहरु मध्येका ४४७ जनालाई लघु उद्यम श्रृजनशिल तथा शीपमूलक तालिम दिइएको छ । प्रशिक्षित मध्येका यी लघु उद्यमीहरुले उल्लेखित अवधि सम्ममा ७९ समूह गठन गरेका छन् र ती समूह सदस्यले नियमित रुपमा बचत संकलन गर्दै आएका छन् । नुवाकोट जिल्लामा स्थापित लघु उद्यम सम्बन्धि विवरण तालिकामा समावेस छ ।

यी लघु उद्यम कार्यक्रमले कम आय भएका पढन लेख्न नजान्ने ग्रामिण जनतामा सानो पूँजी लगानी गरी उद्यम व्यसाय गरेर आत्म निर्भर भै आफ्नौ खुट्टामा उभिन सक्ने अवस्थाको शुरुवात

गरेको छ । यस प्रकारका उद्यमी समूहलाई सहकारीता वरेका थप जानकारी दिई क्रमशः सहकारी संस्थामा परिणत गर्दै जाने र उद्यमीले उत्पादन गरेका वस्तु खपतका लागि सम्भावित बजारको लागि समूह मध्ये वाटै बजार सञ्जालको व्यवस्था गराइ उद्यमी उत्प्रेरित हुने किसिमका प्रशिक्षण संचालन हुनु पर्दछ ।

**तालिका ५.४१ : लघु उद्यम विवरण**

| क्र.स. | वर्गिकरण | संख्या |
|---|---|---|
| १ | खाद्य वस्तुमा आधारित | १५७ |
| २ | वासजन्य वस्तुमा आधारित | ४ |
| ३ | माटोका भाडा वनाउने | ८ |
| ४ | सावुन तथा भेटेरीनरी | ४ |
| ५ | फलाम सम्बन्धि काम | १० |
| ६ | मर्मत संभार सम्बन्धि | १२ |
| ७ | काठ फर्निचर सम्बन्धि | ७ |
| ८ | छाला सम्बन्धि काम | ४ |
| ९ | नेपाली कागज सम्बन्धि | २६ |
| १० | सिलाई बुनाई, धागो वनाउने | ६ |
| ११ | अन्य सेवा सम्बन्धि | ४१ |
| १२ | अन्य विविध | १६१ |
| | जम्मा | ४४० |

श्रोतः लघु उद्यम विकास आयोजना, नुवाकोट ।

लघु उद्यम विकास कार्यक्रम र स्थानीय गैन्ह सरकारी संस्था "सामुदायिक तथा व्यवसायिक विकास प्रवर्द्धन समाज" बिच भएको सम्झौता अनुसार जुलाई १, २००५ देखि उद्यम विकास कार्यक्रमवाट स्थापित उद्यामिहरुलाई समाजले सेवा टेवा दिने काम गर्दै आएको छ । २००६ मा यस समाजले १ ४२ जना नयाँ लघु उद्यामिहरु वृद्धि गरेको छ ।

## ५.८.२ सिप मूलक तालिम तथा इलम प्रशिक्षण

जिल्लामा सिप मुलक तालिम प्रदान गरी जिल्लाका युवा युवतिलाई स्वरोजगार तथा रोजगारीको लागि सक्षम बनाउन  घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला महिला विकास शाखा र इलम प्रशिक्षण केन्द्रवाट विभिन्न विषयमा तालिम कार्यक्रम संचालन गरिदै आएको छ । घरेलु तथा साना उद्योग विकास समितिले वर्षै पिछे करिब १०० जनालाई सिलाई कटाई, ढाका बुनाई, हाउस वायरिङ, सिलाई मिसिन मर्मत, हाउस पेन्टिङ्ग र दाल मोठ, आलु चिप्स बनाउने आदि विभिन्न विषयमा तालिम प्रदान गर्दै आएको छ । त्यस्तै जिल्ला महिला विकास शाखाले महिलाहरुको क्षमता अभिवृद्धि, मुल प्रवाहिकरण सहकारी तथा लेखा व्यवस्थापन, संस्थाको व्यवस्थापन सुदृढिकरण, लैंगिक तथा प्रजनन स्वास्थ आदि विविध विषयमा महिलाहरुलाई तालिम दिदै आएको छ । यसै गरी नेपाल सरकारले आ.व.२०६०/६१ को बजेट वक्तव्यमा ५ विकास क्षेत्र -झापा, नुवाकोट, कपिलवस्तु, सुर्खेत र कन्चनपुरमा सरकारी, निजी क्षेत्र र जनता बीच साझेदारी मा संचालन हुने गरी १/१ वटा व्यवशायिक इलम केन्द्र (Trade School) स्थापना गर्ने कार्यक्रम राखे अनुरुप यस जिल्लाको विदुर नगरपालिकामा २०६१ सालमा इलम प्रशिक्षण केन्द्र स्थापना गरी विभिन्न व्यवसायिक विषयमा तालिम संचालन गरिदै आएको छ । यो इलम प्रशिक्षण केन्द्र नुवाकोट उद्योग

वाणिज्य संघले सरकारी अनुदानमा प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) को पाठ्यक्रम परिमार्जन र प्रशिक्षण सम्बधि सहयोग वाट संचालन गर्दै आएको छ ।

यस इलम प्रशिक्षण केन्द्रवाट होटल परिचारिका, कम्प्युटर प्राविधिक, वेमौसमी तरकारी खेती, कम्प्युटर सफटवेयर , थैला/व्याग वनाउने, आधारभूत विद्युत, हाउस विद्युतीकरण, कम्प्युटर लेखाप्रणली आदि विषयमा २०६२ सालसम्म २९२ जनालाई तालीम प्रदान गरिसकेको छ । इलम प्रशिक्षण केन्द्रका अनुसार यी तालीम प्राप्त व्यक्ति मध्ये ४८ जना स्वरोजगारमा लगेका, ६४ जना रोजगारमा लागेका र १८० जना वेरोजगार रहेका छन् ।

### ५.८.३ खानीको स्थिति

जिल्ला खानी तथा खनिजको क्षेत्रमा त्यति धनी देखिदैन । तर पनि केही खानी सम्बन्धी सम्भाव्यता देखिएको छ । जिल्लाको चौघडा तथा झिल्टुङ क्षेत्रमा चुना ढुङ्गा प्रशस्त पाइने हुंदा मझौला खाले सिमेन्ट उद्योग तथा कृषि चुन र अन्य चुन उद्योग संचालन गर्न सकिने स्थिति देखिन्छ । त्यस्तै जल्लामा खरी ढुङ्गा, ढुङ्गा, घर छाउने तथा भूईमा पाइने नदीले वगाएर ल्याएका ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्रीको उपलब्धता देखिएको छ ।

### ५.८.४ उद्योग तथा खानी क्षेत्रका विद्यमान समस्या र सबालहरु

१.जिल्लामा विभिन्न निकायहरु बाट नियमित रुपमा शिपमूलक तालिम दिने गरेको र तालिम लिनेको संख्या पनि बढ्दै गएको देखिन्छ । तर तालिम लिएका मध्ये कतिले तालिमको प्रयोग गरी लाभ लिएका छन् भन्ने तथ्याङ्क उपलब्ध छैन । सरसर्ती रुपमा हेर्दा अधिकाशंको हकमा तालिम तालिमको लागि मात्र रहेको हुदाँ उद्योग ब्यवसायको विकास हुन सकेको छैन ।

२.घरेलु तथा साना उद्योग विकासको लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु सुलभ रुपमा उपलब्ध हुन नसक्नु र बजारको उचित ब्यवस्था हुन नसकेबाट उद्योग विकासको लागि अनुकुल वातावरण सिर्जना हुन सकेको छैन । यसले गर्दा निजी क्षेत्र उद्योग विकास र विस्तारमा आकर्षित हुन सकेको छैन ।

३.जिल्लामा उद्योगहरुको लागी विभिन्न सुविधा र सहुलियत उपलब्ध हुने कुनै खास क्षेत्र औद्योगिक क्षेत्रको रुपमा स्थापना नगरिएकोले उद्योग धन्दाको अपेक्षाकृत विकास हुन सकेको छैन ।

### ५.८.५ उद्योग तथा खानी क्षेत्रका संम्भावना र अवसरहरु

१. काठमाण्डौ सँग जोडिएको र रसुवा गढी हुदै तिब्बत सम्म पँहुच भएको हुँदा यस जिल्लामा मझैला तथा साना उद्योगहरुको प्रशस्त संभावना छ । संभावित उद्योगहरुमा खाद्यान्न प्रशोधन, फलफुल प्रशोधन खास गरि स्ट्रवेरी, कृषि तथा पशुजन्य र बेत बाँस उद्योगहरु मुख्य देखिन्छन् ।

२. जिल्लाको माथिल्लो क्षेत्रमा भेडा पालन , उन प्रशोधन राडी पाखी र गलैंचा उद्योगको संभावना देखिन्छ ।

३. उपयुक्त हावापानीको पनि बाहुल्यता भएकाले यस जिल्लामा रेशम खेती र मौरी पालनको संभाव्यता पनि त्यत्तिकै देखिन्छ । यस जिल्लामा पहाडी भू-भाग पनि धेरै भएबाट कफी र चिया खेतीको संभाव्यता देखिन्छ । नुवाकोट जिल्लामा हाल ५५० विविध खाले साना तथा घरेलु र मध्यमखाले उद्योग संचालनमा भएको अवगत हुन आएको छ ।

## ५.९ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति

### ५.९.१ व्यापार क्षेत्रको स्थिति

जिल्लाको सदरमुकाम स्थित त्रिशुली बजार अत्यन्त पुरानो व्यापारिक केन्द्र हो । काठमाण्डौ देखि त्रिशुली हुंदै रसुवा सम्म सडक सुविधा पुगेको र गल्छी देखि देवीघाट सम्म कच्ची सडकको विकास तथा विस्तारले जिल्लाका विभिन्न बजार केन्द्र (Growth Centre) को विकासमा योगदान पुऱ्याएको पाइन्छ । ती प्रमुख व्यापारिक केन्द्रमा दैनिक उपभोग्य सामान, लुगाफाटो, औषधी, खाद्यान्न, तरकारी, भांडाकुडा, निर्माण सामग्रीहरु आदिको थोक तथा खुद्रा व्यापार हुने गरेको छ । जिल्ला भित्रका थोक व्यापार स्थल, थोक व्यापारको किसिम र थोक व्यापार गरिने साम्रगी सम्बन्धी विवरण तालिका ५.४२ मा दिइएको छ ।

**तालिका ५.४२ : थोक व्यापार स्थल, थोक व्यापारको किसिम र थोक व्यापार गरिने साम्रगी**

| क्र.सं. | थोक व्यापार हुने स्थलको नाम (मुख्य, मुख्य) | थोक व्यापार हुने सामग्रीको नाम | | थोक व्यापारको किसिम र रकम |
|---|---|---|---|---|
| | | स्थानीय उत्पादन | आयातित वस्तु | |
| १ | त्रिशुली | दैनिक उपभोग सामान | दैनिक उपभोग सामान हार्डवेयर, स्टेशनरी | दैनिक उपभोग्य सामान हार्डवेयर तथा स्टेशनरी |
| २ | बट्टार | ❋ दैनिक उपभोग्य<br>❋ कृषि उपज<br>❋ खाद्यान्न<br>❋ दुग्ध पदार्थ<br>❋ कुखुरा<br>❋ पलफुल<br>❋ लघु उद्यमबाट उत्पादित | ❋ पेट्रोलियम पदार्थ<br>❋ हार्डवेयर<br>❋ दैनिक उपभोग्य<br>❋ खाद्यान्न<br>❋ फेन्सी<br>❋ औषधी<br>❋ श्रृगार<br>❋ फलफुल | |
| ३ | ढुङ्गे | ❋ दैनिक उपभोग्य | ❋ पेट्रोलियम पदार्थ<br>❋ हल्का पेय<br>❋ दैनिक उपभोग्य<br>❋ हार्डवेयर | |
| ४ | देवीघाट | ❋ खाद्याँन्न | ❋ दैनिक उपभोग्य सामान | |
| ५ | कोलनी | ❋ पोल्ट्री | ❋ | |
| ६ | नुवाकोट | ❋ खाद्यान्न | ❋ | |

श्रोत : नुवाकोट उद्योग वाणिज्य संघ, विदुर ।

### ५.९.२ सेवा क्षेत्रको स्थिति

केन्द्रीय तथ्याङ्क विभागले केही वर्ष अगाडी गरेको सेवा व्यवसाय सम्बन्धि संर्भेक्षण अनुसार नुवाकोट जिल्लामा ५ किसिमका सेवा समूह अन्तर्गत ८७ वटा व्यवसाय रहेको देखिन्छ । यी व्यवसाय मध्ये सबै भन्दा धेरै विद्युतिय सामानको मर्मत सम्बन्धि (३८वटा) छन् भने त्यसपछि कपाल काट्ने (१७ वटा) ,फोटोग्राफी (१४वटा), मोटर तथा मोटरसाइकल बिक्री तथा मर्मत (१३ वटा) र कम्प्युटर सम्बधि (५ वटा) छन् । संस्थागत रुपमा हेर्दा अधिकाशं सेवा व्यवसाय (७५ प्रतिशत) बिदुर नगरपालिका क्षेत्र भित्र स्थापित छन् भने केही ककनी र अन्य गा.वि.स. मा छन् ।

**तालिका ५.४३ : सेवा व्यवसाय सम्बन्धि विवरण**

| क.स | व्यवसायको किसिम | जम्मा संख्या | बिदुर न.पा. | कंकनी गा.वि.स. | कविलस गा.वि.स. | नर्जामाडप गा.वि.स. | चौघडा गा.वि.स. | खानीगाउँ गा.वि.स. | बेलकोट गा.वि.स. | बेत्रावती गा.वि.स. | गणेशरुथान गा.वि.स. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कपाल काट्ने | १७ | १३ | २ | १ | १ | - | - | - | - | - |
| २. | फोटोग्राफी | १४ | १३ | - | - | - | - | - | - | १ | - |
| ३. | कम्प्युटर सम्बधि | ५ | ५ | - | - | - | - | - | - | - | - |
| ४. | मोटर तथा मोटरसाइकल बिक्री तथा मर्मत | १३ | १० | १ | - | - | - | १ | १ | - | - |
| ५. | विद्युतिय सामान (Electrical and electronic goods) को मर्मत | ३८ | २४ | ४ | ३ | १ | १ | ३ | १ | - | १ |
| | जम्मा | ८७ | ६५ | ७ | ४ | २ | १ | ४ | २ | १ | १ |

*श्रोत : Directory of Selected Services , 2004 ,केन्द्रिय तथ्याङ्क विभाग, काठमाण्डौं ।*

## ५.९.३ बैङ्गिग तथा वित्तिय सेवा क्षेत्रको स्थिति

यस जिल्लामा वीत्तिय/वैकिङ्ग तथा व्यवशाय सेवाको लागि वाणिज्य वैंकहरु, कृषि विकास बैंक तथा सहकारी संस्थाहरु रहेका छन् । वाणिज्य बैंक तर्फ नेपाल वैंक लिमिटेड, राष्ट्रिय वाणिज्य वैंक , नेपाल वैंक लिमिटेड र नेपाल बङ्गलादेश बैंक कार्यरत छन् । कृषि विकास बैंकले भदौ २३, २०६३ देखि जिल्लामा बैंकिङ्ग सेवा संचालन गर्दै आएको छ । वाणिज्य बैंकहरुले विभिन्न प्रयोजनका लागि कर्जा दिने गरेका छन् भने कृषि विकास बैंकले मूलत कृषि सम्बन्धि विविध कार्यको लागि कर्जा दिने गरेको छ । जिल्ला स्थित वाणिज्य बैंकहरु वाट गरिएको वचत परिचालन, कर्जा लगानी र असुली सम्वन्धि गत ५ वर्षको विवरण तालिका ५.४४ मा दिइएको छ ।

**तालिका ५.४४ : वाणिज्य बैंकहरुको वचत परिचालन, कर्जा लगानी र असुली सम्वन्धि विवरण**

(रू हजारमा)

| आ.व. | वचत परिचालन | | कर्जा लगानी | | भाका नाघेको | |
|---|---|---|---|---|---|---|
| | रा.वा.बैं | ने.बैं.लि | रा.वा.बैं | ने.बैं.लि | रा.वा.बैं | ने.बैं.लि |
| २०५८/५९ | १२५५४ | २२३९०० | ४६०१५ | ५१९१६ | २४६२१ | ५५९७ |
| २०५९/६० | १४६४२ | २१८२२१ | ४३६५८ | ३९६६५ | २९७८२ | १०४३५ |
| २०६०/६१ | १८००७ | २३६१९९ | ४४३६७ | ३५७७५ | ३१८६५ | १७५२५ |
| २०६१/६२ | २१२६५ | १६८७३४ | ४४८९४ | ३२०६६ | २८७३९ | २४५३१ |
| २०६२/६३ | ३१०३६ | ३१३२१२ | ४३५१२ | २९५६० | २६३२७ | २२७८६ |

*श्रोत : राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड , विदुर ।*

२०६२/६३ मा रा.बा.बै. र ने.बै.लि. वाट रू. ३४.४२ करोडको वचत परिचालन भएको, रू.७.३१ करोडको कर्जा लगानी र रू.४.९१ करोड भाका नाघेको कर्जा रहेको देखिएको छ ।

## ५.९.४ पर्यटन विकासको स्थिति

यस जिल्लामा पर्यटन विकासको क्षेत्रमा उल्लेखनीय उपलब्धी भएको देखिदैन । काठमाण्डौवाट रसुवा तर्फ जाने अधिकांश पर्यटकहरु नुवाकोट भई जाने हुँदा भविष्यमा पर्यटन विकासको सम्भावना देखिन्छ । जिल्लामा ककनी, नुवाकोट दरबार र अन्य मनोरम प्रकृतिक स्थलहरु भएको हुँदा वर्षै पिछे केही विदेशी पर्यटकहरुले भ्रमण गर्ने गर्दछन् । तर यस सम्बन्धी तथ्याङ्क उपलब्ध छैन ।

जिल्ला भित्र पर्ने शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्र हुँदै विभिन्न पार्क र मनोरम स्थलहरु (नगरकोट, गोसाईकुण्ड, हेलम्बु र लाङटाङ) मा पुग्न सकिने हुदा पर्यटन प्रर्वधनको ठूलो सम्भावना रहेको छ । यस जिल्लाका ग्रामीण क्षेत्रमा ऐतिहासिक प्राकृतिक, सामाजिक, सांस्कृतिक, धार्मिक सम्पदाहरु अथाह छन् र यी पर्यटकका लागि आकर्षणका विन्दु हुन सक्दछन् ।

जिल्लामा वागद्वार, विष्णुद्वार, वेत्रावती (उत्तरगया) तथा अन्य विविध धार्मिक महत्वका स्थलहरु रहेका हुदाँ हिन्दुहरुको लागि र नागी गुम्बा लगायतका अन्य गुम्बाहरु भएका हुँदा बुद्धिष्टहरुका लागि आन्तरिक पर्यटनको ठूलो सम्भावना रहेको छ ।

ग्रामीण पर्यटनको लागि यो जिल्ला प्रख्यात रहेतापनि आवश्यक पूर्वाधारहरुको विकास हुन नसकेवाट ग्रामीण पर्यटन सेवावाट प्राप्त हुन सक्ने आय आर्जनको अवसर यहाँका जनताहरुले गुमाई रहनु परेको छ ।

जिल्ला भित्रका पर्यटकीय तथा धार्मिक महत्वपूर्ण स्थलहरुको विवरण तालिका ५.४५ मा दिइएको छ ।

**तालिका ५.४५ : जिल्ला भित्रका पर्यटकीय तथा धार्मिक महत्वपूर्ण स्थलहरुको विवरण**

| धार्मिक/पर्यटकीय स्थलको नाम | मेला लाग्ने/पुजा हुने समय | विशेषता वा प्रसिद्धिको कारण |
|---|---|---|
| नुवाकोट दरबार क्षेत्र | पर्यटकीय तथा ऐतिहांसिक स्थल भएकाले दैनिक | श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको एतिहांसिक दरबार |
| भैरवी मन्दिर | वैशाख पूर्णिमा | मल्लकालिन राजाका पालामा वि.सं. १७८२ मा बनेको धार्मिक तथा सिन्दुरे जात्रा, दैनिक पूजा आर्जा दृष्टिले महत्व रहेको र सिन्दुरे जात्रामा धामीले भोग खाने प्र चलन रहेको । |
| जालपादेवी देवीघाट | वैशाख पर्णिमा र ठूलो एकादशी | जलवाट उत्पत्ति भएको पौरानी देवी यहांपनि वैशाखे पूर्णिमा धामीले भोग खाने प्रचलन रहेको । |
| महादेव स्थान | एकादशीमा तथा शिवरात्री | धार्मिक महत्व |

| | | |
|---|---|---|
| सातदोबाटो | | |
| ककनी | बाह्रै महिना | पर्यटकीय स्थल भएको र दृश्यावलोकनको लागि प्रशिद्ध रहेको, शितल हावापानी रहेको, वनभोजको लागि प्र शिद्ध रहेको । |
| बेत्राबती (उत्तरगया) | पितृपक्ष (सोह्र श्राद्ध), गोकर्ण औंसी तथा कुशे औंसी | पितृतारणको लागि प्रवित्र स्थल मानिन्छ र श्राद्ध गर्ने प्र चलन छ । |
| दुप्चेश्वर शिखरवेंसी | मंसिर पूर्णिमा | बांझोपन भएका मानिसहरुले जल तथा दुध चढाउने र त्यसो गर्दा बांझोपन हट्ने जनविश्वास छ, साथै पशुहरुको बांझोपन हटाउन दाम्लो चढाउने गरिन्छ । |
| राम मन्दिर | रामनवमी | आसुरी शक्ति माथि दैवी शक्तिको विजयी भएको मानी पुजा आजा गर्ने प्रचलन । |
| माझिटार/खानीगाउंको घाटु जात्रा | चण्डी पूर्णिमाको दिनमा | सोरठ्ठी भाकामा उमेर पुगेका महिलाले घांटु गाउने र किशोरीहरु नाचगान गर्ने तथा पुरुषहरुले बाजाबजाई परम्परादेवी मनोरञ्जन गर्ने प्रचलन रहेको । |

श्रोत : नुवाकोट उद्योग वाणिज्य संघ, विदुर ।